'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत

३६

वर्ष ८, अंक १ | बुद्ध सम्वत् २५६४ | ने.सं. ११४० बछला ४व | वि.सं. २०७७ वैशाख २५ स्वाँया पुन्ही



पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

अर्हत

त्रैमासिक

वर्ष ८ | अङ्क १ | पूर्णाङ्क ३६ | नेसं ११४० बछला थ्व

शक सं. १९४१ | २०७७ वैशाख २५ | बुद्ध सं. २५६४

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

आवरण फोटो
बौद्ध दर्शन अध्ययन समाज

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन - ६६१९१०७

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०/-

यसभित्र

बुद्ध संस्कृति महत्त्व	भिक्षु अश्वघोष	३
घोषकया उत्पति	भिक्षु विवेकानन्द	१०
शील बुद्धको	चन्द्रबहादुर उलक	१२
महाभिनिष्क्रमण - १	चित्तधर हृदय	१३
सांख्य दर्शन	प्रधान	१९
आचार्य शाक्यश्री भद्र	रत्नसुन्दर शाक्य	२१
तनावको जड र तनावमोचन	प्रा.डा. धनरत्न शाक्य	२४
"बुद्ध छंगु किपा न्हयने...	रोशन बज्राचार्य	२६
मनलाई बचाउँ जीवन...	सुजन बज्राचार्य	२७
बुद्धसँग यौनका कुराहरू	बसन्त महर्जन	२९

सम्पादकीय

आज वैशाख पूर्णिमा अर्थात बुद्ध पूर्णिमा हो । आजको दिन विश्व मानव जातिको लागि पवित्र दिन हो । आजको दिन कपिलवस्तुका राजा शुद्धोदन तथा रानी मायादेवीको कोखबाट लुम्बिनी बनको रुखमुनि राजकुमार सिद्धार्थको जन्म भएको थियो । आजको दिन सिद्धार्थले बुद्ध गयाको पिपलको रुखमुनि बुद्धत्त्व प्राप्त गरेका थिए भने आजैको दिनमा बुद्धको असी वर्षको उमेरमा कुसीनगरमा महापरिनिर्वाण भएको थियो । त्यसकारण आजको दिन त्रिसंयोगयुक्त दिन मानिन्छ, पवित्र मानिन्छ ।

मानव जातिले आजको दिनलाई बुद्ध जयन्ती मनाउँदै आएका छन् । यस वर्षको २५६४ औं बुद्ध जयन्तीको अवसरमा सम्पूर्ण महानुभावहरूमा बौद्ध दर्शन अध्ययन समाजको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

हामीले बुद्ध पूर्णिमाको दिनमा बुद्धले दिनुभएको शिक्षा तथा उपदेशहरू व्यवहारमा लागू गरेका छौं कि छैनौं भन्ने विषयमा सिंहावलोकन गर्ने दिन पनि हो । उपदेशलाई व्यवहारमा लागू गर्दा देखिएका कमजोरीहरू सुधारको लागि प्रण गर्ने दिनको रूपमा बुद्ध जयन्ती मान्न सकेमा के दु:ख अन्त्य हुने दिन नजिक आउँदैन र ? बुद्धले दिनुभएको पञ्चशीलअनुसार अरुको चित्त दुख्ने काम अथवा शोषण नगर्ने शील, दैनिक उपभोग्य वस्तुमाथि कालो बजार गर्नु पनि चोरी डकैती हो । चोरी नगर्ने शील, महिलाहरूमाथि कुदृष्टि नराख्ने शील, लागूपदार्थ सेवन गरी हो-हल्ला नगर्ने शील र आफ्नो निहित स्वार्थको लागि असत्य काम कारबाही तथा फट्याइँ नगर्ने शीललाई व्यवहारमा लागू गरेका छौं कि छैनौ भन्ने विषयमा सोच्नु आवश्यक छ । पञ्चशीललाई व्यवहारमा लागू नगरी मात्र बुद्धलाई धूप, अवीर र अक्षताले पूजा गर्नु बुद्धलाई अपमान गरेको ठहर्दैन र ?

आज कोरोना भाइरस (कोभिड-१९) बाट विश्वका मानव जाति आक्रान्त छन् । भाइरसको उत्पतिबारे शक्ति राष्ट्रहरूको माझमा आरोप-प्रत्यारोप चलेको छ । साँच्चै यो भाइरस मानव निर्मित नै ठहरिएमा बिसर्नै नसकिने अपराध मानिनेछ । बुद्धको विचारअनुसार यस्तो क्रियाकलाप हिंसा हो । हुन त यो भाइरस प्राकृतिक हो भन्ने कुरा पनि बाहिरिएको छ । यो भाइरस मानव निर्मित अथवा प्राकृतिक जे होस् यसलाई निमिट्यान्न पार्नैपर्दछ । यसको लागि विश्वका मानव जाति सङ्गठित हुनुपर्दछ । कोरोना भाइरसको विरुद्ध हुने युद्धमा एकता हुनुपर्दछ । एकताविना विजयको सम्भावना छैन ।

मानव जातिको विरुद्ध फैलिएको भाइरसको नाम जपेर व्यक्तिगत हितको लागि दौडधूप गर्ने मानिसहरू पनि रहेछन् भन्ने कुरा बौद्ध दर्शन अध्ययन समाजले अनुभव गऱ्यो । तिनीहरू सबै तृष्णामा लट्पटिएका मानव जाति हुन् भन्ने हाम्रो ठहर छ ।

पाठक महानुभावहरू ! अर्हत त्रैमासिक वर्ष ७ पूरा गरी वर्ष ८ मा प्रवेश गर्न पाउँदा हामी गौरवान्वित छौं । यसकारण अर्हत निरन्तरताको निम्ति सहयोग गर्नुहुने सम्पूर्ण पाठक, लेखक, विभिन्न उद्योग, व्यवसाय, कलेज, विद्यालय र कार्यालयका विज्ञापन दाताहरू तथा अर्हतको लागि सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति समाज कृतज्ञता ज्ञापन गर्दै २५६४ औं बुद्ध जयन्तीको अवसरमा मंगलमय शुभकामना व्यक्त गर्दछ ।

(अस्तु)

भवतु सब्ब मङ्गलं ।

बुद्ध संस्कृति महत्त्व

✍ भिक्षु अश्वघोष

फेरि एकचोटी बुद्ध र संस्कृतिबारे चर्चा गरौं । संस्कृति एक गम्भीर विषय हो । यस विषयमा लेख्नु त धेरै कठिन कार्य हो । यस विषयमा थरीथरीका विद्वान्‌हरूका भिन्न विचार र परिभाषाहरू छन् । उदाहरणार्थ एउटा घटना प्रस्तुत गर्दैछु ।

श्रीलंकाबाट एकजना विद्वान् व्यक्ति आउनुभएको थियो । उहाँलाई स्वयम्भू घुमाउन लैजाँदा विष्णुमती नदीतिरको बाटो हुँदै जाँदा बिहानीपख नदीका छेउ छाउमा केही व्यक्तिहरू मज्जासँग बसी दिसा गरिरहेको दृश्य देख्दा ती पाहुना महाशयले भनी हाले- तपाईंको नेपालमा त प्राचीन पाषाण युगकै संस्कृति अहिलेसम्म सुरक्षित नै रहेछ । यो कुरा म लाजले केही बोल्न सकिनँ । मैले बुझेअनुसार बुद्धको संस्कृति सदाचार, चरित्र, शुद्ध र इमान्दारितामा आधारित छ । मतलब बुद्धको संस्कृति मानिसलाई असल मानिस बनाउनु हो । यसमा जातपात, छुवाछुत, साम्प्रदायिक भावना र पूर्वाग्रह आदिको केही गन्ध छैन । एकदम चित्तशुद्धि मात्र हो । समयसँगसँगै विकृतिहरू पैदा हुँदै हाल यसको साम्प्रदायिक कुसंस्कृतिको रुप लिन थाल्यो ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरिसकेपछि कपिलवस्तुस्थित घर-घरको दैलोमा उभिई भिक्षा लिन जानुभएको देख्दा वहाँको पिता राजा शुद्धोदनले दिक्कमानी सोध्नुभएको थियो - “सिद्धार्थ ! राजसंस्कृतिलाई किन अपमान गरेको ? के तिमीले राजसंस्कृतिलाई बिर्स्यौ ?”

अनि गौतम बुद्धले भन्नुभयो- ‘महाराज, अब मेरो संस्कृति राज संस्कृति होइन, श्रमण संस्कृति हो । यसमा जातिभेद र वर्णभेद छैन । यो त केवल मानवता र समानताको संस्कृति हो । श्रमण संस्कृतिलाई हामीले यसरी बुझ्न सक्छौं । श्रमण शब्द पालीभाषाको सम र संस्कृति भाषाको श्रम धातुबाट उत्पन्न भएको हो । जसको अर्थ परिश्रम गर्नु अर्थात् आफ्नै प्रयत्नबाट माथिसम्म पुग्नु, आध्यात्मिक उन्नति गर्नु, समाजलाई सुसंस्कृत गर्न मार्गप्रदर्शनको लागि त्यागी जीवन बिताइ गाउँ-गाउँ र नगर-नगरमा गई मानिसहरूको जीवन असल हुने खालको धर्मप्रचार गरेर स्वावलम्बी भई



सदाचरण र नैतिकताको बलद्वारा आफै उत्तम असल व्यक्ति बन्न सक्नुपर्छ भन्ने खालको संस्कृति हो। तर, आजभोलि संस्कृति भन्नाले साधारण रुपमा जातीय चालचलन, रीतिस्थिति र विचारधारालाई लिइन्छ । वास्तवमा कहिल्यै पनि परिवर्तन नहुने सधैं एउटै रुप लिई स्थायी भइरहने स्वभाव समूहलाई संस्कृति भनिंदैन । दयनीय अवस्थाका मानवलाई दु:खी जीवनबाट उच्चस्थान लैजाने परम्परालाई संस्कृति भनिन्छ । साधारणतया संस्कृतिमा शिष्टाचार, सभ्यता, नृत्य, संगीत, चित्रकला, शिल्पकला आदि पर्दछन् तर, बुद्धको सांस्कृतिक विचार अनुसार जनजीवनसम्बन्धी विषय नै संस्कृति हो भने जनजीवनसँगै परिवर्तन हुनु यसको लक्षण हो ।

अब जाऔं संस्कृतिको संरक्षणको लागि पूरा गरिनुपर्ने पूर्वाधारहरू तर्फ- बुद्धले बताउनभएका पूर्वाधारहरू :-

१) पौष्टिक खानाको राम्रो व्यवस्था हुनुपर्छ । (आहार सप्पाय)
२) बस्ने ठाउँको राम्रो व्यवस्था हुनुपर्छ । (विहरण सप्पाय)
३) सँगै बस्ने झगडालु र सरुवारोगी व्यक्ति नुहुनु (पुग्गल सप्पाय)
४) मौसम अनुकुल वस्त्र (लुगाफाटो) हुनुपर्छ । (उतुसप्पाय)
५) विचारधारा (मन) मिल्नुपर्छ (अज्झाय सप्पाय)

उपरोक्त ५ वटा पूर्वाधार पुरा नभए संस्कृतिको संरक्षण हुन गाह्रो हुन्छ । पाँचवटा पूर्वाधारमा ठूलो समस्या विचारधारा नमिल्नु हो, अर्थात् मन नमिल्नु हो । बुबाछोराबीच, दाजुभाइबीच, पति-पत्नीबीच विचार नमिल्न सक्छ । अरु त के गुरु चेलाचेलीबीच पनि विचारधारा नमिल्न सक्छ । बुद्धको उपदेश र शिक्षाबारे आफ्ना चेलाहरूसँग मेरो आफ्नै पनि विचार मिल्दैन । तापनि सहिष्णुता र समन्वय हुनसके विचारधारा नमिले पनि शान्तिपूर्वक बाँच्न सकिन्छ । हाम्रो नेपालमा परस्पर सहिष्णुता विद्यमान रहेको कारणले नै मुस्लिम, हिन्दू र बौद्धहरूमा साम्प्रदायिक झगडा भएको देखिंदैन । सहिष्णुता र समन्वय नभए साम्प्रदायिक झगडा हुनसक्छ । पूर्वाग्रह भए पनि विचारधारा मिल्न गाह्रो हुन्छ । उदाहरणको लागि बुद्धधर्ममा महायान, थेरवाद, बज्रयान आदि साम्प्रदायिक रुपमा विभाजन भएका छन् । नेपालका एउटै दर्शनबाट स्थापित राजनीतिक पार्टीहरू टुक्राटुक्रा भएर विभाजित भएझैं भएको

छ । संकीर्ण विचारधारा अत्यन्त खतरापूर्ण हुन्छ ।

बुद्धको संस्कृतिमा सदाचार, नैतिकता र चित्त शुद्धिको अत्यन्त ठूलो महत्त्व रहेको छ । बुद्धको जन्म नेपालमा भएतापनि बौद्ध संस्कृतिको जन्म र प्रचार भारतमा भयो । अब त्यो संस्कृति भारतमा पनि बाँकी रहेन । त्यहाँ बुद्धकालीन विहारहरूका भग्नावशेष मात्र बाँकी छन् भने केही नयाँ बुद्धविहारहरू पनि बनेका छन् । श्रीलंकाका अनागरिक धर्मपालले महाबोधि सोसाईटी स्थापना गरी बुद्धको संस्कृतिको पुनर्जागरण गर्नुभएको छ । भारतीय विद्वान् डा. अम्बेडकरले पनि लाखौं अनुयायीसँगै बुद्धका अनुयायी बनी बुद्धको संस्कृतिको पुनर्जागरण गर्नुभएको छ । अर्का उल्लेखनीय व्यक्तित्व सत्यनारायण गोयन्काले बुद्धले सिकाउनुभएको मानिसलाई असल मानिस बनाउने 'विपश्यना ध्यान' म्यान्मार (बर्मा) बाट भारत ल्याएर अन्तरमुखी हुनुपर्ने विपश्यना ध्यान प्रचार गरी बुद्धको संस्कृति पुनर्जागरण गर्नुभएको छ । उहाँले नेपाललगायत अन्तर्राष्ट्रिय जगतमा बुद्धको संस्कृति पुनर्जारण गर्नुभएको छ ।

बुद्धको संस्कृतिको मुख्य उद्देश्य चित्त शुद्ध गर्ने विषय हो :

सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा,
सचित्त परियोदपनं एतं बुद्धान सासनं ॥

अर्थात् सबै प्रकारका पाप कर्म नगर्नु, राम्रो काममा लाग्नु अनि आफ्नो चित्त शुद्ध नै बुद्धको मूल शिक्षा र संस्कृति हो ।

सारांशमा भन्ने हो भने पापकर्म नगर्ने, धर्मकर्म गर्ने भएर मात्र पुग्दैन । मुख्य कुरो त चित्त शुद्ध हुनुपर्ने रहेछ । तर चित्त शुद्ध हुनुपर्छ भन्ने कुरालाई अधिकांश मानिसहरूले बुझेका छैनन् र यसका बारेमा बुझ्न सजिलो पनि छैन । उदाहरणको लागि यो बुद्धकालीन एउटा घटना प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु ।

बुद्धको प्रमुख दाता श्रावस्तीवासी अनाथपिण्डिक सेँथ (साहु) कहाँ धेरै दास दासीहरू पालिएका थिए । एकदिन पूर्णिका नाम गरेकी एउटी दासी पुस महिनाको जोडोमा बिहान सबेरै नदीमा पानी लिन गइछे । त्यहाँ एकजना ब्राह्मण बाजे पनि नदीको चीसो पानीमा थरथर काँप्दै स्यू, स्यू गर्दै डुबुल्की लगाई नुहाइरहेको देखेर दासीले सोधिछे- 'होइन ए बाजे, म त यहाँ एका बिहानै मेरो मालिकले पानी लिन गइनन् भनेर गाली गर्लान् भन्ने डरले पानी लिन आएकी तर तपाईं चाहिँ कसको डरले यस्तो मुटु काम्ने जाडोमा थर थर काँप्दै चीसो पानीमा डुबुल्की लगाइराख्नुभएको ?

ब्राह्मणले भनेछन्- 'कसैको डरले पनि होइन । म त पापसँग डराएर नुहाउन आएको हुँ र यो त हाम्रो संस्कृति पनि हो । नदीमा नुहायो भने यो पवित्र पानीले हाम्रा सबै पाप बगाएर लान्छ नि । थाहा छैन तिमीलाई ? अनि पूर्णिकाले भनिन् "बाजे नदीमा नुहाउँदैमा सबै पाप पानीले बगाएर लैजाने भए त्यस पानीले धर्म (पुण्य) पनि बगाएर लैजान्छ नि, बाजे तपाईंले राम्ररी कुरै बुझ्नु भएको रहेनछ । बुद्धको शिक्षा र संस्कृति अनुसार मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ अनि मात्र धर्मको रक्षा र संस्कृतिको पनि संरक्षण हुन्छ । अन्यथा पाप काटिएर जाला भनी आशा नै गर्नु पर्दैन । बाजे नुहाउँदैमा पाप काटिने भए सधैं यही

नदीको पानीमा बस्ने माछा, भ्यागुता र गोहीजस्ता प्राणीहरू त झन् पापबाट मुक्त भई धर्मात्मा हुन्छन् होला नि होइन र ? यो कुरा सुनेपछि ब्राह्मण टोलाउँदै विचार गरे, मैले यो केही नजानेकी अशिक्षित भन्ठानेको त यो केटीले नौलो संस्कृतिको कुरो पो गर्दिरहिछिन् । साँच्चै हो नुहाउँदैमा नदीको पानीले पाप बगाएर लान्छ भने त्यस पानीले धर्म पनि त बगाएरै लान्छ नि । पानीले धर्म र पापलाई कसरी छुट्याउन सक्ला र ? पानीको स्वभाव नै बग्नु र बगाउनु हो ।

अनि ब्राह्मणले सोधे, "ए नानी, यस्तो अनौठो कुरा कहाँबाट सिक्यौ हँ तिमीले ?"

पूर्णिकाले भनिन, "हाम्रा गुरु भगवान बुद्धले उपदेश दिनुहुँदा सधैं चित्त शुद्ध हुनुपर्छ भन्नुहुन्थ्यो उहाँकै उपदेश सुनी यी अमूल्य कुराहरू मैले सिकेकी हुँ ।" यो कुरा सुनी बाजेले यो चित्त शुद्ध हुनुपर्छ भनेको त राम्रो संस्कृति हो भन्दै यस कुरालाई स्वीकार गरे । अर्को अध्ययन गर्न योग्य कुरो के छ भने आध्यात्मिक उन्नति र आचरण शुद्ध नगरीकन, चित्त शुद्ध नगरीकन शान्ति र परमसुख प्राप्त गर्ने अभिलाषा लिई यज्ञ होम आदि कर्मकाण्ड गर्नु राम्रो संस्कृति हुन सक्दैन । यतिमात्र कहाँ हो र धर्म ग्रन्थमा उल्लेख भएअनुसार देवीदेवता खुशी पार्न पशु र मानिसलाई समेत हत्या गरी धर्मका नाममा हिंसा कर्म गर्न अग्रसर भए । आजभोलि पनि नरबली दिइने कुरा यदाकदा सुन्न पाइन्छ । पशुबली त हामीकहाँ आजभोलि पनि चलिरहेकोछ बाटो बाटोमा नास:द्यो (देउटा) का स्थानहरूमा ठूलठूला राँगा काटेर बली दिइरहेका दृश्य अनि रगत बगाउने संस्कृति आजसम्म पनि चलिरहेकै छ । एक पटक दक्षिण भारतको ठूला विद्वान ब्राम्हण आएका थिए । त्यो बली दिइरहेको दृश्य देख्ने बित्तिकै उनी चिच्याउँदै कराउन थाले "अरे म त महापापी देशमा पो आइपुगेछु, यो बुद्ध जन्मेको र पशुपतिको देशमा कस्तो खालको पापी संस्कृति हेर्नु परेको" भन्दै उनी त्यहीं दिन भारततर्फ फर्के । मानिसहरूले आ-आफ्नो शरीर, वचन र मन शुद्ध पारी राम्रो काम गरी चित्त शुद्ध गर्नेतर्फ ध्यान दिंदै कर्म सुधार गरेको देखिदैन ।

अब गौतम बुद्धको व्यक्तित्वबारे फेरि केही जानकारी र परिचय लिऔं । श्रमण गौतमले ज्ञान लाभ गर्नुभएपछि आफूले प्राप्त गरेको र अनुभव गरेको शुद्ध संस्कृतिको परिचय दिनुहुँदै भन्नुभयो - "मैले जान्नुपर्ने चतुआर्य सत्यबारे ज्ञान हासिल गरिसकें । त्यसपछि त्यो ज्ञान र नयाँ संस्कृतिलाई खुब अभ्यास गरेर हेरें । अनि महशुस भयो कि शुद्ध संस्कृति स्थापना गर्नका लागि पुराना नराम्रा कुसंस्कार र परम्पराहरूलाई त्यागिदिन पर्दा रहेछ । तसर्थ पुराना कु-संस्कारहरूलाई मैले आफ्नो हृदयदेखि निर्मूल पारिदिएँ । अनिमात्र मैले बुद्धत्व प्राप्त गर्न सफल भएँ ।

बुद्धको यस भनाईबाट हामीले के बुझ्न सक्छौं भने बुद्धले प्रतिपादन गर्नुभएको संस्कृतिमा पूर्वाग्रह र साम्प्रदायिकता तथा अनैतिंकतालाई कुनै स्थान छैन । उहाँको संस्कृतिमा (क) शील (सदाचार) (ख) समाधि (चित्त एकाग्रता) र (ग) प्रज्ञा (विवेक बुद्धि) ले ठाउँ ओगटेको छ । आजकाल जति पनि अनैतिकता र भ्रष्टाचार संस्कृतिको वातावरण र विकृति देखिन्छ, यो सबै शील (सदाचार) को अभावले गर्दा भएको हो ।

अब बुद्धको संस्कृतिको महिमाबारे चर्चा गरौँ । बुद्धको संस्कृतिमा आध्यात्मिक चारकुराहरू उल्लेखनीय छन । (क) मैत्री (मित्रता) (ख) करुणा (असहायप्रति दया) (ग) मुदिता (अर्काको उन्नति देखेर प्रसन्न हुने चित्त) (घ) उपेक्षा (तटस्था) आदि । यी चारवटा गुण धर्महरूको अभावले गर्दा समाजमा हिंसा, अशान्ति र आतंकको वातावरणले छाएको छ । जति भएपनि सन्तुष्ट नहुने असन्तुष्ट तृष्णा र आधारभूत आवश्यकताको अभावले पनि अशान्ति भइराखेको छ र उपेक्षारुपी आध्यात्मिक गुणलाई व्यवहारमा प्रयोग गर्न सकेमात्र संस्कृति सुरक्षित हुन्छ र शान्ति मिल्छ ।

बुद्धको साँस्कृतिक विचारधारा अनुसार बुद्धको संस्कृतिमा अन्धविश्वास, मिथ्यादृष्टिलाई कुनै ठाउँ देखिदैन । यस कुरा बुझनको लागि बुद्धले दिनुभएको उपदेश तीर्थायतन सूत्र अंगुत्तर निकायबाट संक्षिप्त रुपमा उध्दृत गरेको छु ।

तीर्थायतन सूत्र (अबौद्ध विश्वास) :

भिक्षुहरू ! यी तीन तीर्थकहरूको अबौद्धहरूको मत (विश्वास) यस्तो छ, जुनकि विद्वानहरूको छलफल गर्दा, चर्चा गर्दा आचार्य परम्पराअुनसार जुन ठाउँमा गएर रोकिन्छ, त्यहाँ पुग्दा कुनै कामको नहुने, फाइदा नहुने निष्कर्ष हुन्छ । ती तीन के-के हुन -

१) भिक्षुहरू ! कुनै श्रमण ब्राम्हणहरूको यो मत (विश्वास) छ, यो दृष्टि छ कि -"कुनै मानिसले जुनसुकै सुख दु:ख वा असुख-दु:ख अनुभव गर्छन त्यो सबै अघिको कर्मको फलस्वरुप अनुभव गर्छन ।"

२) भिक्षुहरू ! कुनै श्रमण बाम्हणहरूको यो मत (विश्वास) छ, यो दृष्टि छ कि -"कुनै मानिसले जुनसुकै सुख दु:ख वा असुख अदु:ख अनुभव र भोग गर्छन त्यो ईश्वरले निर्माण गरेका कारणले अनुभव गर्छन ।

३) त्यस्तै बिना कुनै हेतु र बिना कुनै कारणले अनुभव गर्छन त उनीहरू कहाँ म गएर भन्छु कि के साँच्चै नै तिमीहरूको मन र विश्वास हो कि कुनै मानिसले जुन सुकै सुखदु:ख अनुभव गर्छन त्यो सबै पूर्वकर्मले - ईश्वरले निर्मॄण र विना कुनै हेतुको कारणले अनुभव गर्छन ?

मैले यसरी सोधेपछि उनीहरूले "हो" भनी उत्तर दिन्छन् । अनि म उनीहरूलाई भन्छु - त्यसो भए आयुष्मान हो ! तिमीहरूको मत र दृष्टि अनुसार पूर्वकर्म अनुसार ईश्वरले !....... विना कुनै कारणले नै मानिसहरू प्राणीहिंसा गर्ने हुन्छन, चोरी गर्ने गर्छन, विना कुनै कारणले भ्रष्ट हुन्छन, झुठ बोल्ने हुन्छन, कडा बोल्ने, व्यर्थ कुरा गर्ने, लोभी हुने हुन्छन, ईर्ष्यालु हुन्छन, मिथ्यादृष्टिक हुन्छन भने बिरामी हुँदा पनि औषधी नगरे हुन्छ । यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्नेबारे शिक्षा दिनु, उपदेश दिनु त काम नलाग्ने भयो । सङ्कल्प हुँदैन, प्रयत्न गर्नु नै हुँदैन । जब यो गर्नु हुन्छ, यो गर्नु हुँदैन भन्ने विषयमा यथार्थ ज्ञान नभएपछि यस्तो मूर्खबृद्धि असंयमीहरूले आफूले आफूलाई धार्मिक श्रमण भन्नु मिल्दैन ।

भिक्षुहरू ! यस्तो विश्वास, यस्तो दृष्टि धारण गर्ने श्रमण ब्राह्मणहरूको धारणा र विश्वास निन्दनीय छ, त्याग्नुपर्छ । कुनै सार छैन । भिक्षुहरू ! यो धर्म

उपदेश दिएको छु जुन निन्दनीय छैन, अशुद्ध छैन, पवित्र, शुद्ध छ । कुनै विद्वान ब्राह्मणहरूले यसमा दोष देखाउन सक्दैनन् ।

भिक्षुहरू ! यी मैले उपदेश दिएको धर्मका ६ धातु निन्दनीय छैनन । यी ६ स्पर्श आयतनहरू हुन, यी अठार मनको विचरण हुन (चरित्र) र यी चार आर्यसत्य हुन ।

भिक्षुहरू ! मैले जुन यो छ धातु भनेर धर्मदेशना गरेको छु, यो ६ धातु हो पृथ्वीधातु, आपोधातु (पानी), तेजोधातु (तातो), वायोधातु (हावा), आकाशधातु तथा विज्ञानधातु- भिक्षुहरू ! यी ६ धातुको बारेमा मैले उपदेश दिएको छु जुन निन्दनीय छैन, मैलो छैन । परिशुद्ध तथा विद्वान (विवेक बुद्धि भएका) श्रमण ब्राह्मणहरूले यसमा दोष देखाउन सक्दैनन् ।

ती कुन ६ स्पर्श आयतनको विषयमा भनेको हो ? भिक्षुहरू । यी ६ स्पर्श आयतन हो :- चक्षु (दृष्टि) स्पर्शायतन, श्रोत (कान) स्पर्शायतन, घ्राण (नाक) स्पर्शायतन, जिह्वा (जिब्रो) स्पर्शायतन, काय (शरीर) स्पर्शायतन, मन स्पर्शायतन, (आँखा, कान, नाक, जिब्रो, मुख, शरीर र मन (चित्त) ।

भिक्षु । मैले यी छ स्पर्शायतन भनेर जुन धर्म उपदेश गरेको छु, यो उपदेश निन्दनीय छैन, अशुद्ध छैन, परिशुद्ध छ तथा विद्वान श्रमण ब्राम्हणहरूले दोष देखाउन सक्दैन । त्यो यी नै छ स्पर्शायतनको विषयमा भनेको हो ।

भिक्षुहरू ! मैले यो अठार मनको विचरण (व्यवहार) भनेर जुन धर्म उपदेश दिएको छु, यो धर्म निन्दनीय छैन, धमिलो छैन, परिशुद्ध तथा कुनै विद्वान् श्रमण ब्राह्मणहरूले दोष देखाउन सक्दैनन् । त्यो अठार मन विचरणको विषय भनेको के हो भने-

आँखाले रुपलाई देख्ता प्रसन्न हुने विषयमा चंचल हुन्छ, दु:खित हुने विषयमा कल्पना हुन्छ, उपेक्षा हुने विषयमा विचरण गर्छ (मनमा कल्पना हुन्छ), उपेक्षा हुने विषयमा विचरण गर्छ भन्नाले कानले शब्द सुनेर, नाकले गन्ध सुँघेर, जिब्रोले स्वाद लिएर, शरीरले स्पर्श गरेर, मनले मनको विषयमा अनुभव गरेर प्रसन्न हुने विषयमा चिन्तन गर्छ, अप्रसन्न हुने बेला दु:खित हुने विषयमा उपेक्षा हुने विषयमा मन चंचल हुन्छ । भिक्षुहरू ! यो अठार मनको (चरित्र) विचरण भनेर जुन धर्मदेशना गरेको छु, जुन उपदेश निग्रहित छैन, संक्लिष्ट छैन, परिशुद्ध तथा कुनै विद्वान श्रमण ब्राह्मणहरूले दोष देखाउन सक्ने खालको छैन । अठार मनको विचरण भनेको यही विषय हो ।

भिक्षुहरू ! मैले यो चार आर्यसत्य भनेर जुन धर्म देशना गरेको छु, यो उपदेश निन्दनीय छैन, दोष छैन, परिशुद्ध छ तथा कुनै विद्वान श्रमण ब्राह्मणहरूले यसमा दोष देखाउन सक्दैनन्, यो कुन आर्यसत्यको विषयमा भनिएको हो भने भिक्षुहरू ! छ धातुहरू रहेको हुनाले गर्भ रहन्छ, गर्भ रहेपछि नाम-रुप (मन र शरीर), नामरुप भएपछि छ आयतन (आँखा, कान, नाक, जिब्रो शरीर र मन) हुन्छ र यसपछि स्पर्श हुन्छ । स्पर्श भएपछि वेदनाको अनुभव हुन्छ । त्यसको सम्बन्धमा भिक्षुहरू ! मैले दु:ख भनी घोषणा गर्दछु, दु:खसमुदय (उत्पत्ति) को घोषणा गर्दछु, दु:खनिरोधको तर्फ लाने मार्गको घोषणा गर्दछु ।

भिक्षुहरू ! दुःख आर्यसत्य के हो ?

जन्म हुनु दुःख हो, बुढो हुनु दुःख हो, रोगी हुनु दुःख हो, मृत्यु हुनु दुःख हो, शोक हुनु दुःख हो, रुनु कराउनु दुःख हो, पीडित हुनु दुःख हो, चिन्तित हुनु, हैरान हुनु दुःख हो, इच्छा गरेको पूरा नहुनु दुःख हो। संक्षिप्तमा भन्ने हो भने पाँच उपादानस्कन्ध (रुप, वेदना, संज्ञा, संस्कार, विज्ञान) नै दुःख हो। भिक्षुहरू ! यसलाई दुःख आर्यसत्य भन्छन्।

भिक्षुहरू ! दुःख समुदायसत्य के हो ?

भिक्षुहरू ! दुःख समुदय (दुःखको कारण) आर्यसत्य भनेको के हो भने अविद्या (अज्ञानता) भएपछि संस्कार (बानी), संस्कार भएपछि विज्ञान, विज्ञान भएपछि नाम-रुप, नाम-रुप भएपछि छ आयतन, छ आयतन भएपछि स्पर्श, स्पर्श भएपछि वेदना, वेदना भएपछि तृष्णा, तृष्णा भएपछि उपादान (आसक्ति), उपादान भएपछि भव (संसार), भव भएपछि जन्म, जन्म भएपछि बुढो, बुढो भएपछि मृत्यु। मृत्युपछि शोक, रुनु, कराउनु, दुःख, मानसिक चिन्ता तथा हैरान हुन्छ। यसरी यी सारा दुःखस्कन्ध (समूह) को उत्पत्ति हुन्छ। भिक्षुहरू ! यी नै क्रमलाई दुःखसमुदय आर्यसत्य भनिन्छ।

भिक्षुहरू ! दुःख निरोध आर्यसत्य के हो ?

भिक्षुहरू ! दुःख निरोध आर्यसत्य के हो ? अविद्या नै सम्पूर्ण विराग भएर निरोध भएपछि संस्कारहरू निरोध हुन्छन्। संस्कारहरूको (बानी बसिसकेको) निरोध भएपछि विज्ञान (जानकारी) निरोध हुन्छ। विज्ञान निरोध भएपछि नाम-रुप (मन र शरीर) निरोध हुन्छ। नामरुप निरोध भएपछि आयतन (आँखा श्रोत) आदि निरोध हुन्छ। आँखा, कान आदि छ आयतन निरोध भएपछि स्पर्श निरोध हुन्छ। स्पर्श निरोध भएपछि वेदना (सुख, दुःख आदि अनुभव) निरोध हुन्छ। वेदना निरोध भएपछि तृष्णा निरोध हुन्छ। तृष्णा निरोध भएपछि उपादान (आशक्ति) निरोध हुन्छ। उपादान (आशक्ति) निरोध भएपछि भव निरोध हुन्छ। भव निरोध भएपछि बुढो हुनु, शोक, रुनु कराउनु, दुःख मानसिक चिन्ता तथा हैरान हुने निरोधं हुन्छ। यसरी सारा दुःखस्कन्ध (दुःखको समूह) निरोध हुन्छ। भिक्षुहरू ! यसलाई दुःख निरोध आर्यसत्य भन्छन्।

भिक्षुहरू दुःख निरोध मार्गसत्य के हो ?

भिक्षुहरू ! दुःख निरोधतर्फ लैजाने मार्ग आर्यसत्य के हो ? यही आर्य अष्टाङ्गिक मार्ग जुन कि सम्यक् दृष्टि (ठीक सम्झदारी), सम्यक् संकल्प (ठीक नियत र सोचाइ), सम्यक् वचन (ठीक बोली), सम्यक् कर्म (निर्दोष काम), सम्यक् आजीविका (निर्दोष जीवन), सम्यक् व्यायाम (ठीक प्रयत्न), सम्यक स्मृति (सही होश हुनु, सतर्क हुनु), सम्यक् समाधि (ठीक एकाग्रता) भिक्षुहरू ! यसलाई दुःख निरोधतर्फ लैजाने मार्ग आर्यसत्य भन्छन्।

भिक्षुहरू ! यी आर्यसत्य भनेर जुन मैले धर्म उपदेश गरेको छु, जुन निन्दनीय छैन, अशुद्ध छैन, परिशुद्ध तथा कुनै विद्वान् श्रमण ब्राह्मणहरूले दोष देखाउन सक्दैनन्। त्यो यही आर्य (संस्कृति) सत्यकै विषयमा भनेको हो।

(साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरू पुस्तकबाट)

◆

घोषकया उत्पति

✍ भिक्षु विवेकानन्द

अजित धयागु छगू शहर दु व शहरे दुर्भिक्ष जुया आपालं मनूतये नयेमखना वगुलिं मनूत जिविका या निम्ति थ:गु देश छें तोता उखें थुखें प्यांहां वना च्वन । उकि कोतुहल धयाम्ह छम्ह मनू खं नं ज्वने जिक धन सम्पत्ति ज्वना काली धयाम्ह कला व अले कापि धयाम्ह काय् मचा छम्ह ज्वना कोसम्वी पाखे वनेत वया च्वन । गुलिंसिनं ला अहिवात रोग फइले जुया व:गुलिं बिस्युं वंगु धका नं धाइ । इमि कोसम्वी मथ्यों वं ज्वना वगु खर्चफुकुंफुना इपिं बिखर्चि जुया नये मखना लें अपाल हे दु:ख सिया वया चोन । उकिं कोतु हलं कलाम्हे सित धाल, कालि ! थन स्व भी निम्ह म्वाना च्वन धासा सन्तान धयागु द्याव च्वनि तिनी । उकिं आ थ्व मचा छम्ह न्ह्यागु थजु तोता वनेनु । तर मां पिनिगु नुगलं गबले मचा अथे याना वां छोया वने फइगु ख: ।

कालीं धाल- स्वामि, ! जि म्वाना च्वं तले आम मचा

वां छूया वनेगु खँ ज्वी फइ मखु ।

कोतु हंलं- काली ! आ: छं छु यायेगु मती तयाले ?

काली-स्वामी । भी निम्ह दहेदु । छि व जिं पालं पा कुबिना यंकेका धका धया इमिसं मचा पालं पा कुबिना वना च्वन । मामं कुबिगु वखते स्वां यागु भुपा थें यानाकुबिया यंकि जब थ:गु पा क्वचाय्का बौम्हेसित बी, तर बौम्ह मचा कया कुबिगु बखते वयात पित्यागु स्वयानं अपो दु:ख जुया आपालं मछिं ताया च्वनिगु जुल । अले वं कलाम्हेसित वहे खँ न्ह्यथनि । काली ! नु थ्व मचा छम्ह तोता वने । छाय् नाहके थ्व दु:ख सिया च्वनेगु यदि भीपिं म्वाना वने फत धासा भीत सन्तान ला दहे दइ तिनी ।

काली-स्वामी । आम खँ छता ल्हाना दि मते । छाय्कि मचा वां छ्वया छ्वया जि छु ख्वालं च्वना च्वनेगु जि म्वाना च्वनागु या प्रयोजन हे छु ? थ्व जिगु सास छम्हु दतले जिं मचा वां छूके बी मखु ।

कोतुहलं कलाम्हेसित छुं प्रकारणं खँ न्यंके मफुत । मचानं म्हे जक च्वना वने मागुलिं न्हिथं न्यला वना च्वन । व मचा गबले मां म्ह: गबलें बौम्हं: बुया यंका च्वंगु ख: छथाय् बौम्हं कायेवं हे मचां न्ह्यो वयेकल । काली न्हापा न्हापा वना च्वन । उथाये हे कोतुहलं छमा सिमात:ले सिमा ह लाया व मचायात थ्यना सुमुक तोता वन । छुं वने धुं कुस्येंलि काली लिफ स्वत, वं थ: भात याके मचा मदुगु खना न्यन-स्वामी ! मचा गो ?

कोतुहलं-काली ! जिंला मचा हुंकन सिमा त:ले तोता वये धुन ।

कालीं भातयागु थुगु प्रकारया खं न्यने वं लाय्-लाय् बुबुं ख्वल हाल-स्वामी । छिसं छु

यानावयागु याकन झासं मचाकया हति मखुसा जिगु सास थन हे च: ब्वी थन हे जिगु छाति तज्याना सिना वनी धका कलाम्हं हत्या क्यन। कलाम्ह हागु ख्वगु खना कोतुहलं हानं ल्याहां वना मचा का वन तर मचा अन हे लें विचे हे सित।

थुगु प्रकारं निर्दयि व्यवहार याना मचावांछ्वया व:गुलिं याना निसन्देह व (घोषकं) थत न्हेक तक वाके मागु विपाक वने यात। पाप कर्म सुनानं चीधं खने मज्यू।

◆

हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६४ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँया पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर. Email: arhattraimasik@gmail.com

हार्दिक

मंगलमय शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६४औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा **'स्वाँया पुन्ही'** को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भक्तपुर हार्डवेयर सेन्टर

सूर्यविनायक, भक्तपुर, फोन नं.६६१६३४२

शील बुद्धको

✍ चन्द्रबहादुर उलक

अहिलेजस्तै उहिले पनि
हत्या-हिंसा हुन्थे होला,
पशु-पन्छी मानव जाति
दु:ख सागरमा डुब्थे होला,
पाणातिपाता वेरमणि सिक्खापदं समादियामि
शान्तिको लागि बुद्धले राम्रो
शील त्यसैले दिएको होला ।
चोरी-डकैती फट्याइँहरू
त्यसबेला पनि हुन्थे होला,
भोको पेट भर्नलाई
गम्भीर अपराध गर्थे होला,
अदिन्नादाना वेरमणि सिक्खापदं समादियामि
समाज सुधार्न बुद्धले राम्रो
शील त्यसैले दिएको होला ।
अहिले जस्तै बलात्कार घटना
उसबेला पनि घट्थे होला,
युवा वर्ग देखेर अति नै
थरथर महिला काम्थे होला,
कामेसु मिच्छाचारा वेरमणि सिक्खापदं समादियामि
महिला सुरक्षाको लागि बुद्धले
राम्रो शील त्यसैले दिएको होला ।
अहिलेजस्तै उहिले पनि
भूटा आश्वासन दिन्थे होला,
अपराध आफ्नो लुकाईलुकाई
बकम्फुसे गफ हाँक्थे होला,
मुसावादा वेरमणि सिक्खापदं समादियामि
स्वच्छ समाज बनाउन बुद्धले
शील राम्रो दिएको होला ।
अहिलेजस्तै उहिले पनि
जड्याहाँहरू अति नै थिए होला,
लागूऔषध मदिरा खाई
होहल्ला अति नै गर्थे होला,
सुरामेरय मज्जपमादट्ठाना वेरमणि सिक्खापदं समादियामि
चेतनाको लागि बुद्धले राम्रो
शील त्यसैले दिएको होला ।
अहिलेजस्तै उहिले उहिले
मान्छे अति नै स्वार्थी होला,
समाज पन्छाई व्यक्ति उठाई
गर्व गर्ने बानी होला,
सुन्दर भावना बनाउन
बुद्धले शील दिएको होला ।
सङ्घको आधार विचार हो,
विचारको आधार चेतना,
सत्य कुरा देखाउन
राम्रो शील दिएको होला ।

•

महाभिनिष्क्रमण - १

✍ चित्तधर हृदय

प्रेमया मदिरा त्वँत्वं इतिमिति कना: सिद्धार्थया
चा:हिला: नगरे निरीक्षण याय्गु इच्छा छन्हु जुया:
थ:पितायाथाय् वना: प्रस्ताव यात निवेदन,
शाक्यराजं "ज्यू कन्हे हुँ छ" धैगु बिल आज्ञा अन ।
तर कन्हे खुनु पुत्र प्याहाँ वन्य मलाकं लाय्कुलिं
शीघ्र स:ता: कर्मचारीपिन्त आज्ञा ब्यूगुलिं
वनिगु ख:गुगु लं कुमार कपिलपुरे उगु उगु पथे
शोक उत्पादक कुदृश्यत खन्यमदय्क छ्व:या छ्य्
देश हे आनन्द सुख-आगार थें च्वंका: बिल,
छन्दकं अल्य प्यम्ह तुयूपिं अश्व दुगु रथ न्ह्याकल ।
प्रथम घरघर रत्न मय रथ पूर्वद्वारं पित यन,
दैवयोगं ज्याथ छम्ह अन खन कुमारं अल्य न्यन-
"छाय् वया मिखां मछ्रु, भुयूसँ, जंधु लू धुसि,
स्वीत ख्याय्त ज्वंगु वं वया करे अहो कथि ?
छाय् वया शरीर खा:, न्यता: वयागु कय्कुन ?
सारथी ! ध्वयागु ब्याक्क धा यथार्थ कारण ।"

(अतिशर्करीजाति)

न्ह्याग्गु जूसां सत्यवार्ता ल्हाय्" धका चित्ते तया:
तंगु साहस फक्व मुंका: ग्या:गु नं फुक वांछ्वया:
खवगु ल्हातं क्वातुका: सलया लगाम लिफ: स्वया:
नम्रता पूर्वक निवेदन यात नियम ध्व जगतया-
"प्रभो ! ध्व वृद्ध ख: ध्वया गना: हि ब्याक्क देह्या
ध्व गंसि जूगु ख: कुमार ! शीघ्र काल वै ध्वया,
युवाबले ध्व नं मनोज्ञ हृष्ट पुष्ट सुन्दर
परन्तु आ:तुतां चुयां छुयाय् ध्व खा:गु थर्थर"

(प्रमाणिका)

गौतमं आश्चर्य पूर्वक न्यन व बृद्ध स्वया: छको -
"अल्य छु ज्वी तिनिला जि नं थथ्य ज्याथ दुर्वल छन्दक !"
छन्दकं "छलपोल जक मखु नाथ ! प्राणी मात्र हे
ज्वीगु वृद्ध शिथिल कलेवर" धैगु उत्तर बीव हे
"सौम्य ! रथ लितर्यंकि याकन" थुलि धया: भ्रसुका: तल,
सारथीं सलयात दाया: लाय्कुली तुं यंकल ।
ई मज्वीकं शाक्यपतिया पुत्र ल्याहाँ व:गुलिं
"छाय् !" धका वं न्यंबले "अन वृद्ध छम्ह खन" धा:गुलिं

नृपतिया फुक यत्न निस्फल ज्वीक बिन्घ जुया: थथ्य
छन्दकं नंवाय् मछा: अन धाय्गु मसिया: थथ्य अथ्य ।
"ख:गु उत्तर बीव राजां न्वाइ 'म्वागु खँ कन' धका
मखुगु ला प्रभुयात निश्चय धाय्गु उचित मजू थुका,

"का मखुथ्य जुल आ: छ्याय् जिं, या:हुँ नाटक निं" धया:
बिल नृपति शुद्धोदनं प्यंगू दिशाय्सं पा: तया: ।
सलत प्याखं हूगु न्ह्योखुनुयागु हे याने च्वना
रत्न कंकण न्ह्या:गु देपा ल्हा: छपा जक पित्य क्यना:

स्वेत वल हानं कन्हे खुनु सारथी छंदक ब्वना:,
किन्तु "आया स्यात" हाला: च्वंम्ह छम्ह रोगी खना:
न्यन -"गज्याम्ह मनूख्व छन्दक ! छाय् थ्व हा:गु अपाय्सकं!"
बिल लिस: ल:म्हूगु कथि ल्हातं ल्ह्वना: तुं छन्दकं-
"ध्वयात रोग जूगु ख: स्यना: शरीरया गति
प्रभो ! थ्व ख्व:गु हा:गु दु:ख वेदना जुया: अति,
सदेह जीव मात्रयात रोग ज्वीव छुं छता
धनाढ्य, दीन, मूर्ख प्राज्ञ न्ह्याम्हस्यां थ्व हे दशा"

(पञ्चचामर)

थ्व खँ न्यना: सर्वार्थसिद्धं थ:मने वाय्का: स्वत:,
विश्वया सम्पूर्ण प्राणी दु:ख क्लेशं पीडित-
खन-थ्व सांसारिक प्रमोदे अन्त केवल दु:ख हे,
वैगु कोमल हृदय करुणां भयबिया: वल शीघ्र हे ।
थ:गु देशे चा:हिला: स्वे धैगु इच्छा लोमन,
बिल कुमारं थ:गु रथ लित यन्यगु आज्ञा याकन ।
कंस खुनु नं न्याक्क नुगले थ्यंक खो ल्ह्वबिपिं सल
यागु खोया नाल न्याय्का: लाय्कुलिं प्याहाँ वल ।

मेगु मार्ग हल सिथं, अमिसं दुवाते धोदुल,
शाक्यसिहं सीम्हस्यात क्यना: च्वलापचिनं सुल-
"द्योन्य सुन्दर स्वां अभीर ह्वला: उकी गां तोपुया:
हुं छु प्यम्हस्यां ह:गु क्वबुया:, व:गु छाय् ल्यूल्यू ख्वया: !"
भिंगु सिँ सिसौयागु घच्चाले लुँया बुत्ता दुगु
चा:हिला: सी मदुगु दथुया आँसिँचो जक सी दुगु
दिव्य रथया जवगु भागे च्वंगु गं न्याय्कुगु दिना:
छन्दकं म्हा: म्हा: लिस: बिल ल्यूँन्य छुं भति यकधिना:-
नाथ ! थ्व छुं मेगु मखु हीनम्ह ख: प्राणं,
पं कूता:या द्योन्य चिना: फाय्का: हल द्यवनं,
क्कबुया: यंका: च्वंगु दिपे उइत सिँपेँ तय्त
क्वबुया: यंका: च्वंगु दिपे उइत सिँपे तय्त
जन्म जुया: अन्ते सीगू ख: जगया ज्या थ्व ।"

(जाति २४ मात्रा)

भाव, गौतमयागु ख्वाले सारथीया थ्व खँ न्यना:
बा:वल छगूया लिपा मेमेगु नं ततमत चिना: ।
थ:गु दृष्टि न्ह्योन्य खन्य दुगु ब्याक्क पिन्यया दृश्यत
स्व:बले फुक जूगु खन वं भश्मरासी परिणत ।
लुमन मां सित धा:गु न्हापा न्हय्न्हु दय्वं थ:बुया:,
चांजु रानी गौतमी लिस्य अबुजु शुद्धोदन छु याय्
सीगु खन वं प्रियतमा नं शाक्यकुलया भौमचा,
अल्य मने "सीतिनि जि नं!" थथ्य शोक विह्वल जुल भचा ।

न्ह्या:गु रथया वेग गुलि, थ:पिं गुथाय् थ्यन छुं मचा:,
न्ह्योन्यसं चा:ह्यूगु खन वं कालया घच्चा: छ्चा: ।
नं मवा:गु खना: कुमारं सारथीया मन ख्वल,
छुं मधा:सां यान सुरुसुरु लाय्कुली लित यंकल ।
व:बले हानं छको लेँ शान्त सुन्दर वर्णम्ह
गौतमं चीवर पुना: वैच्वंम्ह संन्यासी छम्ह
खन्यव न्यन "थ्वैगु ख्वाले कान्ति गुलिउलि शान्तिनं
न्ह्याक्व स्व:सां स्वे मगा: गुलि सौम्य ययिपुगु रुप नं ।"
सारथीं "आज्ञा !" धया: पा:यात भति रथया गति,
स्व:बले वं नं खना: संसार त्यागी उम्ह यति
वैगु चित्त व भाव निम्हस्यां यक्व ब्वीकल सन्तति,
साधुयात क्यना: क्यना: अल्य बिल लिस: वाय्क: मती-

"देव ! छुधाय्जिं स्यू छलपोलं
तोता: फुक सांसारिक सुख थ्वं
भिक्षां जीवन यापन याना:
जूम्ह थ्व पर उपकारे ब्वाना: ।

(जाति १९ मात्रा)

खन्यदु थुगुखं ह्व:गु स्वां थें वैगु श्रीमुखमण्डल,
वैत नं यतियागु ज्या धात्थें मने अति हे यल ।
शीघ्र वं संकल्प याना: मन मनं संन्यासया
धाल छन्दकयाल जगया लोक सेवाय् मन तया:-
"ख्या ख्यां पिया: च्वनि जरां मृगयात धुं थें
रोगं लिना: च्वनिगु मद्दिक म्हे रिपुं थ
पासा । थ्व जीवन ज्वया: च्वन ज्व:गु घ: थें
भ्रीसं मया:गु हितकार्य विचित्र धात्थें !"
(बसन्ततिलका)

उखुनु ल्याहाँ वंगु मखु सिद्धार्थ थ:गु निकेतने
हर्ष पूर्वक वन खँ ल्हाल्हां रम्य उपवनया दुन्य,
अन वना: वक हंस दुगु निर्मल तडागे मोल्हुया:
स्फटिक सम ल्वहते च्वना: बहुमूल्य वस्त्र तिसां तिया:
मित्र मुंका: यक्व हास्य बिनोद याय् धुंका: रथे
च्वंबले सन्देश न्यंकल वैत दूत वया: थथ्य-
"देव ! ब्वीकल पुत्ररत्न यशोधरा रानीं गृहे,
धन्य जिमि सौभाग्य छ्वैगु अवश्य जुल आ: गाक्क हे"
हर्ष याय् मा:थाय् थ्व खं भ्र खेद् याना क्वछुना:
थ: मने दुन्य लगु त्याग-सुधांशु वं ज्वन्य त्यं खना:
"राहु वल" वं धाय्व याकन यानया घच्चा: तुल,
थुगु खँ सीका: भूपतिं छय्यात नां छुत "राहुल"
लाय्कुली मां बौपिनिगु आल्हाद था: गा: काय् मफु,
दास दासीपिं सुनानं हे पुलांगु वस: मपुं ।
कपिलवस्तुनगरस हर्षानन्द बासं च्वं वल,
प्रचुर दानं दीनतय् फुक दीनता हुसुलुं चुल ।

उख्यर थ:गु मने मने संकल्प यायां "विश्वया
हेतु धात्थें न्ह्यागगु जूसां तोत्य मा: गोपा प्रिया:"
दिव्य रथ न्ह्याका: सुसज्जित पथ पथं शौद्धोदनि
थ:गु भवने वंबले बांला:म्ह कृष्णा गौतमीं
उगु सुरथया मधुर रब थ: कर्णकुहरे ला:बले
"लैं छु थें स्वे" धैगु इच्छां थ:गु भ्र्याल स्व:बले
खन व अनुपम रुप सुन्दर शान्त कान्त कलेवर
मन विमोहक मूर्तिमान् मन्मथ समान मनोहर ।
थ:गु कंकण छिलिक न्या:गु विहंग हा:थें ता:वन
उर-प्रकोष्ठं गुप्त रुपं सुप्त आकांक्षा दन ।
मन-पुखूया प्रीति-नलिनी शाक्यकुल-आकाशया
कीर्ति-आभां युक्त रविया छवि खना: विकसित जुया:
थ:गु भाव-सुगन्ध ज्वंका: श्वास-मारुत न्ह्याकल,
ल्यंगु भाव मुना: मुना: अनिमेष दृष्टिं पोंकल ।
चित्त-यन्त्रे प्रेम-ज्वालां क:गुलिं फुक ल्हा: तुति
आदि इन्द्रिययागु गति नं ब्याक्क जूवन आहुति ।
हृदय-गिरिया च्वापु नाया: वाक्यया निर्भर जुया:
त्यंगु बा:वय् किन्तु फुक संकोच-गाले कुन छुयाय् ।
स्नेह-जल हाहां व गा: नं भय्बिया: वल बिलिबिलि,
मान, लज्जायागु चां त:ज्याक न्ह्या:वल सिलिसिलि-

"धन्य व माता, पिता ब्यूपिं जन्म छित:
धन्य व नारीया जीवन गुम्हस्या प्राण छिख:"
(जाति २४)

ताल युवराजं प्रशंसा थ:गु दिव्य स्वरुपया,
अल्य छको वं पुलुक कृष्णा गोतमीया ख्वा: स्वया:
मन मनं थथ्य धाल- "जननी जनक वा सहधर्मिणी
धन्य ज्वीफु थज्यागु रुपं जीर्णजगती भामिनी !
परम धन्य हृदय छुकीं ज्वी हा सुनानं धाय् मफु,
मोह तोता: शान्ति माल्यत त्यागया छ्वीमा: पपू,
प्रबल मोह-मि शान्त जूसा शान्त ज्वी अभिमान नं
मानया शमनं थ्व जीवन स्रोत ल्वीकै मानवं,

धन्य भद्रे ! प्रिय बचन न्यंका: लँक्यन निर्वाणया
थौं उकीं जिं छन्त बी गुरु दक्षिणा जक" थुलि धया:
बीक्य छ्वत वं लक्ष मुद्रा वंगु मौक्तिक मा: त्वया:,
ग्रहण यात व गौतमीं उपहार भा:पा प्रेमया।
थ:गु छ्यैं वैराग्य पूर्ण हृदय ज्वना: ल्याहाँ वन,
पुत्र जन्मं जूगु उगु उत्सवस वैंगु मवं मन।
थ:गु चित्ते तीव्र वेगं बा: वया: वैराग्यया
"भव्य भवन, विभव, प्रियाया प्रेम, ममता पुत्रया
त्याग याना: सुतुक बिसिवन्य" धैगु वै नुगले लुया:,
मेगु हानं वै मने "बौयागु नं आज्ञा कया:"

थथ्य बिचा: याना निशाय् हे बौम्हस्य सदने वना:
नम्रता पूर्वक निवेदन यात बौया तुति ज्वना-
"भ्रसंक व्याधि, मरणया भयं कया:
क्वथाय् च्वनां च्वन्य मफया: दना वया
बिया: बिज्याहुँ गृह व राज्य त्यागया
बुबा ! जित: अनुमति थौं कृपा तया"
(रुचिरा)

वृद्धया आधार आशा प्राण सम प्रिय पुत्रया
थुगु व्यथा सम मर्म भेदी वाक्यया वाणं कया:
छुं समय तक शाक्यपति अन अर्ध मूर्छित थें जुल,
भति लिपा ख्वकना सलं सुतयात थ्व उजंद्य्कल-
"शाक्यरत्न ! छु खँ छन्त थौं मगा: ?
ख: छ हे कपिलवस्तुया ध्वजा,
ब्व:गु ज्या त्वरित याइपिं सदा
सेविका दु, धन, धान्य, सम्पदा।
अन्ति जा: तु, इसि आदिया सुरां,
संगिनी दु विदुषी यशोधरा।
योगु साधन छु धा विलासया,
स्वर्गयागु थजु छन्त बी हया:।
ख: पुता ! छ अवलम्ब प्राणया,
गय् थ्व ज्याथ अबुयात वाय् धया।

दु:ख ज्वी गुलि उकीसनं बने
या विचा: थ्व सहयाय्गु गय् मने: !
(रथोद्धता)

सहसा जक छी मज्यू छज्यां
अविवेकं दुनि आपदे सदां
सविमर्शम्हस्याक्य निश्चय
वयि ल्यू ल्यू गुण नाप सम्पद।"
(वैताली)

प्राप्त जुल उम्ह वीर जुजु बी त्योम्ह रवि थें मलिनताय्
वाक्य-रश्मि मन्यं खना: मन-गगनयागु विशालताय्।
विधुकिरण थें शाक्यसिंहं तर्क रचना कुशलता
यागु जा: ग्वल थ:गु पाले थ:गु क्यन्यत विशेषता-
"अवश्य नं ख: छलपोलयागु
आदेश जिं पालन याय मा:गु,
परन्तु संयोग वियोगयागु
आहार-हा ! जीवन मृत्युयागु
दयां छुयाय् वस्तुत व्याकक फ्वीगु,
चा: चा: ह्यु ह्यूं उन्नति ह्रास ज्वीगु,
अनेक रोगं तनयात कैगु
न्ह्याम्हं युवा निश्चय वृद्ध ज्वीगु।
उकीं थ्व भोगे मन हे मवंगु,
संसार त्यागे जक श्रेय खंगु।

दरिद्र ज्वी मोक धनाढ्य ज्वीगु
दु:साध्य रोगं गबलें मथीगु

जरा बिना यौवन मुक्क न्हूगु
सी मोक म्वाना: च्वन्य नित्य दैगु
क्यना: बिज्या:सा ध्व प्यता खँ तात !
संन्यास -संकल्प मयो छुयायत !" (उपजाति)
थ:म्ह सुतया तीव्र शीतल वाक्यया च्वापुं क्या:
पद्मिनी सम चुं दना: वन आश-स्वं भूपालया ।
ल्यं दनिगुलिं हृदय-पुखुली बीज जक सां धैर्यया
युक्ति पूर्वक धाल हानं योम्ह काय्या ख्वा: स्वया: -
"धात्थें ख: दीर्घबाहो ! नियम प्रकृतिया ब्वीगु सीमा:गु ब्याक्क,
सन्सारे भी मनूतय् जक मखु सकलें जीव धारीत धाक्व ।
ल्वी बी मा: नित्य सूर्यो जड शशधरया शुक्ल वा कृष्ण पक्ष,
आ: भीसं यत्न याना: जक च्वन्यगु मखा: चान्हि खंका: समक्ष"
(स्रग्धरा)
"तात ! अय् जूसा व बोधिज्ञान मा: वन्य बन बन
ब्याधि, बृद्ध, मरण दु:खं उद्धार ज्वीया कारण"
थुलि धया: सर्वार्थसिद्ध कया: पिताया सम्मति
उगु क्वथां निस्क्रान्त जुल अबुयात अनियाना: तुती ।
नगुतस्यं गा: पारु खुनु यायां प्रतीक्षा चन्द्रया
नील गगने च्वनि मुना: गय् पूर्व पाख्य स्वया: स्वया:

वैगु प्रासादे पिया: च्वन सुन्दरीपिं गायिका
विरह राग विहाग हाहां प्रेमया पाशं चिका: ।
वन अज्याथाय् युवक गौतम पूर्वद्वारं दुन्य गन
इन्दु नकतिनी लूगु नभ थें मुसुक न्हिल शोभा अन ।
राजपरिवारे ध्व खं अत्यन्त आन्दोलित जुल,
"पुत्र थौं तनिला कन्हे तनि !" धैगु शंका तोपुल ।
नृत्य संगीते प्रवीणापिन्त आज्ञा जुल नृपं -
"हाव भाव कटाक्ष द्वारा ललित नृत्यकला क्यँ क्यं
याय्गु स्वेमा: वैगु छिमिसं चित्त आकर्षित थुका"

यक्व हानं पा: तना: बिल थ:पुता बिसिवनि धका ।
दयक्य बिल न्यास: म्ह मनुषं चायक्य मा:गु लुखा नँया,
"ब्याक्क देश सतर्क जु" धका जुल अनुज्ञा भूपया ।
पौत्र राहुलया मचाबू ब्यंक्य बिल शुद्धोदनं
पुत्र गौतम बूबले थें अर्थ याना: दान नं ।
साहुतय् साँवा सिबे नं लोभ ज्वी थें ब्याजया
नृपतिया नं काय् स्वया: नं स्नेह जू थें छय्चया ।
वैत तुतुमांपि तया: बिल शुद्ध दुरुपिं धन बिया:,
सेविकापिं अन वयां च्वन न्हूगु वस्त्र तिसां तिया: ।
उखुनु बहनी राजभवने त:गु पथस ग्वरा ग्वया:
न्यंक खन्यदत वृक्ष छुव:थें पुष्परसया मत छुवया: ।

अभ्रया ध्याच: जुया: आकाश चुलुया: नगु सुला:
च्वंगुलिं अमिसं लँ खंक्यत दीपमाला च्या:गुला !
ब्योम -बीणाय् सूर्यकरथे अमिगु कर -प्याखं हुल,
ध्वन, तडित् थें मेघ मल्लारी वया: अन स्व: वल ।
ध्वक्क च्वे नंन्याल घर्घर शब्द आकाशे च्वत,
अमि क्वथाय् वीणा विलंपतँयागु रब जुल भंकृत ।
थुगु प्रकारं अप्सरा सम सुन्दरी ललनापिसं
गीत वादन नृत्य याना: स्त्री सुलभ माया क्यक्यं
वैगु मन साल्यगु स्वया: च्वन दृष्टि विद्युत् गति छेना:
छाय् हिमालय वन्यगु धै थें तुङ्ग कुच युग च्वन क्यना: ।
बा: वया: स्मित हास्य-सरिता निख्य न्यता: गा: वंगुली
कुन्यगु स्वै च्वन शाक्य-सुतया त्यागया मुदु नवकली ।
नृत्य द्वारा अमि नितम्बे मेखलाया रत्नत
थीगु पिलिपिलि पर्वते निर्झर क्वब्वा:थें खन्यदत ।
अन्तरिक्षे मेघरब लिस्य पलपसा प्याखं हुल,
घंगला तरु पत्र न्याय्का: मारुतं पं-बय् पुल ।
थुख्यर सुमधुर वंशि नाप मृदंग याना: वादन

घंगला गुलि न्याय्क छिलिछिलि अमिगु नृत्य जुया: च्वन ।
किन्तु निस्फलयन्त्र जुल किसि मुदु मृणालं चीगु थें,
शाक्यनंदनयागु दृढ मन वायु वृष्टि मेरु थें ।

सुमन सुरभित कान्त कोमल विविध रत्नालंकृत
शुभ शय्याय् उच्च फुंके मुकुट शोभित छ्यों दित ।
अन च्वना: गुम्हस्यागु निंतिं या:गु उलिमछि योजना
घोंगुलिं उम्ह शाक्यकुलमणि ब्याक्क सितिकं वं खना:
"चच्छि न्ह्योपा: ज्वीक भी जक आ: - छु ज्या थन" धैगु थें
त:, बभू, वीणा, मृदङ्ग ज्वना: अपिं नं द्यन अथें ।
प्राय: बाचा जा:बले गय् मस्यु न्ह्लं चाया: दन,
स्व:बले अन शाक्यसिंहं अमित मेगुकथं खन-
न्ह्यो वया: फुक भा:प्य मफया: च्वन गुलिं क्वबसां पुया:,
छम्ह फिंलिं अन थ:म्ह प्रिय थें न्याक्क वीणा घय् पुना: ।

अमिगु न्ह्यो स: व:गु फूँ फूँ तायदु पिन्य नंन्या:गु थें,
वा न्ह्यया: गुगु च्वंगु किति‌किति वा वया: हे च्वंगु थें ।
ला: म्हुतुं सो सो वया: च्वन बय् म्हुत्वी हे तुं दया:,
च्वन चता वाना: गुम्हं मृत थें सँ नं फँ: फँ: तया: ।
पश्चिमाय् ख्वा: द्यू म्ह जुल अन गिद्ध रुपे परिणत,
ता: बभू, बय् आदि चिच्चादंगु क्वें थें खन्यदत ।
या:गु गुगु म्हगसे प्रलाप त्वँ हा:गु थें च्वन ताय् दया:,
अङ्ग हे खन्यदय्क गुलिस्यां वस्त्र हे थातं मला: ।
त्वीक वा खन्यदय्क वाहाँ खा:गु कंलाय् न्ह्यूगु थें,
अमिगु ख्वा: म्हुतु स्योंगु खन्यदत सो बना हे वंगु थें ।
सं. सुगत सौरभ सफूतिं
(छसिकथं)

◆

हार्दिक शुभकामना

शान्तिका महानायक गौतम
बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त
वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

चम्पकेश्वर हार्डवेयर

सूर्यविनायक रोड, कालाँचा

मो.नं. ९८५१०४१६८८

सांख्य दर्शन

🙞 प्रधान

सांख्य दर्शनको प्रणेता पौराणिक ऋषि कपिल मानिन्छ । दर्शन शास्त्रमा सांख्य प्रणाली सान्है पुरानो मानिन्छ । यसको समय सम्भवत: इशा पूर्व सातौं - आठौं हुनेछ । यसलाई उपनिषद मान्ने राजाहरू केही अंशमा सम-सामयिक मानिन्छ । उपनिषद विद्याको विरोध र प्रतिक्रियाको रुपमा नै यस दर्शनको उत्पत्ति र स्थापना भएको हो । बौद्ध दर्शनमा पनि यसको गहिरो प्रभाव परेको थियो । स्वयं बुद्धले पनि सांख्य दर्शन अध्ययन गरेका थिए । बौद्ध दर्शनको ब्राम्हणवाद र परिवर्तनशीलतावादमा सांख्य दर्शनको पूर्ण प्रभाव मानिन्छ । (१)

कपिलको सांख्य दर्शनले भारतीय दर्शनको इतिहासमा सान्है महत्वपूर्ण र क्रान्तिकारी भूमिका भएको मानिन्छ । आर्यहरूको ब्राम्हणवादको कर्मकाण्ड, इश्वरवाद र आदर्शवादको विरोधमा सांख्य दर्शन उठेको हो । यसले इश्वरलाई मान्दैन र वेदलाई पनि मान्दैन । यसकारण यसको प्रचार ब्राम्हणवादको प्रभाव नभएको भारतीय इलाकाहरूमा बढी भएको मानिन्छ ।

नेपालको कपिलवस्तु नगरको नाम सांख्य दर्शनका प्रणेता कपिल ऋषि कै नामबाट भएको मानिन्छ ।

संसार कसरी उत्पत्ति भयो, मानिस के हो र त्यसको भविश्य के हो भन्ने जस्ता प्रश्नहरूको बुद्धिमतापूर्ण उत्तर दिने सबभन्दा पुरानो प्रयास सांख्य दर्शनले गरेको थियो ।

त्यसको भनाइमा ब्रम्हाण्डको उत्पति-वस्तुबाट भयो, प्रकृतिको विकास प्रतिक्रियामा छ, जीवन र शक्ति, विचार र चेतना वस्तुकै उपज हो ।

सांख्य प्रणाली सत्कार्यमा आधारित छ र कुनै पनि बस्तुको उत्पत्ति अस्तित्वमा आधारित छ । संसारलाई सृष्टी गर्ने कुनै सृष्टीकर्ताको आवश्यकता छैन ।

सांख्य दर्शनले मोक्ष र कर्मकाण्डलाई अन्धविश्वास र हिंसामा आधारित अपवित्र वस्तु भनेर अश्विकार गर्छ ।

सांख्य दर्शनअनुसार 'संसारको उत्पतिमा आत्माको कुनै योग छैन । आत्मा शरीर भन्दा कुनै अलग वस्तु होइन । ईश्वरलाई प्रमाणित गर्न सकिन्न । यसरी सांख्य दर्शन मुलत: भौतिकवादी छ । **आदर्शवाद** - समस्त वस्तुगत यथार्थ र त्यससँग सम्बन्धित सबै सच्चा ज्ञान यस्तो चेतनामा निर्भर छ, जो त्यसबाट स्वतन्त्र छ । **भौतिकवाद** - वस्तुगत जगतलाई यथार्थ मान्दै साथै त्यसलाई मस्तिष्क वा चेतनाबाट स्वतन्त्र मान्छ । सांख्य दार्शनिकहरूले वेद र उपनिषदहरूलाई ईश्वरको रचना होइन बरु मनुष्यको रचना मान्छन् ।

दर्शनलाई भाग्य, अलौकिकता र ईश्वरको अवधारणको दासतावाट मुक्त गर्नु नै कपिलको महानता हो । उनले प्राचीनताका सबै बाधाहरूलाई नाघेर दर्शनलाई तर्कसँग भौतिकवादी आधारमा विकसित गर्ने गौरब प्राप्त छ [२] । कपिलले दर्शनको विश्व इतिहासमा पहिलो पल्ट मानव मस्तिष्कको पूर्ण स्वतन्त्रता प्रकट गरे तथा आफ्नै शक्ति माथि विश्वास प्रकट गरे । तर, सांख्य दर्शनलाई भाँचकुच गर्ने प्रयास पनि भएको देखिन्छ । सांख्य दर्शनको उत्पतिको समयबारे पनि मतभेद देखिन्छ । कसैले सातौं र छैठौं इशा. पूर्व. मानेका छन् [३] भने कसैले कपिललाई ४०० इ.पू. मात्र मानेका छन् । [४]

सन्दर्भ

१) भारतीय आधारमा ऐतिहासिक विश्लेषण - भगवत शरण उपाध्याय: पीपुल्स पब्लिकेसन हाउस, नयाँ दिल्ली -५५ तेस्रो संस्करण -१९७८ पाना - १९-२१

२) भारतीय चिन्तन परम्परा - के. दामोदरन पीपुल्स पब्लिकेशन हाउस. तेस्रो संस्करण, जुन १९८९ पाना - १५९

३) उही

४) दर्शन- दिग्दर्शन -राहुल सांस्कृत्याजन, किताब महल, पाचौं संस्करण १९८३ पाना -५४२.

◆

हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ

महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा

'**स्वायाँ पून्ही**'को

शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शारदा माध्यमिक विद्यालय

यालाछेँ, भक्तपुर-२

फोन नं. ०१-६६१०२०९, ६२०६५०४

आचार्य शाक्यश्री भद्र

रत्नसुन्दर शाक्य

बुद्ध-शासनको इतिहासमा सुविख्यात केही प्राचीन बौद्ध दार्शनिकहरूमा भारतको मगधस्थित विक्रमशिला महाविहारका अन्तिम प्रधानाचार्य शाक्यश्री भद्र पनि एक प्रमुख हुनुहुन्छ ।

उहाँको जन्म सन् ११२७ मा काश्मीरस्थित प्रवरपुर (हाल-श्रीनगर) मा पिता सभय तथा माता कल्याणीका पुत्रको रुपमा भएको थियो ।

उहाँले आफ्नो प्रारम्भिक शिक्षा लक्ष्मीधर नामक एक ब्राम्हण-पण्डितसित शुभारम्भ गर्नुभएको थियो । उनै पण्डितसित मेधावी बालक हुनुभएका यशधर (शाक्यश्री भद्र) ले १० वर्षको उमेरमै व्याकरण, काव्य एवं यजुर्वेदको शिक्षा समेत हासिल गरिसक्नुभएको थियो । यशधरले १० वर्षदेखि २२ वर्षसम्म उपासक भईसकेपछि सन् ११४९ मा, २२ वर्षको उमेरमा बुद्ध-धर्मको सर्वास्तिवादी परम्परा (सम्प्रदाय) मा प्रव्रजित भई "शाक्यश्री भद्र" हुनुभएको थियो ।

त्यसताका सारा बौद्धजगत्मा बौद्धशिक्षाकेन्द्रको रुपमा प्रसिद्धि पाएका स्थानहरूमा उत्तर- भारतस्थित वज्राशन (बोधगया), नालन्दा, विक्रमशिला र ओदन्तपुरी थिए । अत: शाक्यश्री भद्र बुद्ध-धर्मको विस्तृत अध्ययनको निमित्त काश्मिरबाट पूर्वतर्फ आए । उहाँले ती विभिन्न बौद्धशिक्षाकेन्द्रहरूमा रही त्यहाँस्थित विशिष्ट आचार्यहरूमा सुखश्री, रविगुप्त, चन्द्रगुप्त विख्यातदेव, विनयश्री, अभयकीर्ति र रविश्री ज्ञानसित त्रिपिटक लगायत त्यसताका प्रचलित कयौं बौद्धग्रन्थहरूको ज्ञान पनि हासिल गर्दै जानुभएको थियो । यसैको प्रतिफलस्वरुप तत्कालीन मगध नरेशले उहाँलाई आफ्ना गुरु तथा तत्कालीन एक प्रमुख बौद्ध-शिक्षाकेन्द्रको रुपमा रहेको विक्रमशिला महाविहार (विश्व विद्यालय) को प्रधानाचार्यको पद प्रदान गरेको थियो ।

तर, अफशोच ! त्यसताका अर्थात् ११ औं शदीको शुरुदेखि भारतमा तुर्क मूल (अरब) का मुस्लिम विजेताहरूले क्रमिक रूपमा आक्रमण गर्दै आइरहेका थिए । त्यसताका भारतीय राजाहरूमा एक आपसमा मेल थिएन अत: तुर्क विजेताहरूले क्रमिक रुपमा भारतीय राज्यहरूमा आक्रमण गर्दै लूटपात गर्दै ल्याए ।

सन् १०१७ मा गजनीका सुलतान महमुद (

शासनकाल, सन् ९९८-१०३०) ले त्यसताको एक प्रमुख शहर कन्नौजमा आक्रमण गरी शहरलाई पूर्ण रुपमा ध्वस्त गरी लूटपात गरे । यस्तो क्रम खुरासान (देशको नाम) का यस सुलतानले सन् १०२६ सम्म हर शरद महिनामा भारतको प्रमुख शहरहरूमा नियमित आक्रमण गरी लूटपात मच्चाउँदै आएको थियो । उनले विशेषत: मन्दिर, विहार आदि पवित्र तीर्थस्थलहरूमा राजाहरू एवं सम्पन्न धर्मावलम्बीहरूले चढाई राखेको विपुल सम्पदाहरू, पराजित देशका जनताहरूसित हरजाना असूल गरी ती लूटका सामानहरू घोडाहरूमा लादी फर्कने गर्दथे । उनले लुटेको एक प्रमुख तीर्थस्थल हो - गुजरातको सोमनाथ मन्दिर ।

यस्तै कन्नौज शहर-जसलाई वाराणसी (काशी-बनारस) का गहडवालवंशी बौद्ध राजा जयचन्द (शासनकाल, सन् ११७०-९४) ले उप-राजधानी बनाइराखेकोलाई पुन: त्यस्तै एक सुलतान मुहम्मद गोरी (शहाबुद्दीन) ले सन् ११९४ मा आक्रमण गरी तहस-नहस पारिदिए । उनले कन्नौजलाई मात्र होइन राजा जयचन्द्रको प्रमुख राजधानी काशी र राजाको प्रमुख धार्मिक आस्थास्थल सारनाथ (बुद्धको धर्मचक्रप्रवर्तनस्थल-ऋषिपतन मृगदावन) लाई पनि सदियोंको निमित तहस-नहस पारिदिए ।

मुहम्मद गोरीपश्चात् त्यस्तै एक अन्य तुर्क गुलाम कुतुवुद्दीन ऐवक-जो मुहम्मद विन बख्तियार खिलजीका अंगरक्षक एवं सेनापति पनि थिए ले सन् १२०३ मा मगधको विशेषत: नालन्दा र विक्रमशिला विश्वविद्यालयमा आक्रमण गरी त्यहाँस्थित ठूलठूला विहार, देवालय, पुस्तकालयह नष्ट गर्नुको साथै अनगिन्ती भिक्षुहरूको समेत हत्या गरे ।

त्यसताका विक्रमशिला विश्वविद्यालयका प्रधानाचार्य हुनुभएको काश्मीरी पण्डित शाक्यश्री भद्र मगधबाट पूर्वीबंगालस्थित "जगद्दल (जगत्तला) महाविहार" मा पुगे । जब त्यहाँ पनि तुर्कहरू पुगे तब आचार्य शाक्यश्री भद्र त्यहाँका प्रधानाचार्य विभूतिचन्द र अन्य सुविख्यात आचार्य दानशीललाई पनि साथ लिई नेपाल आए ।

उहाँहरू नेपालमा रहेको थाहा पाउनासाथ तिब्बतका एक सामन्त कीर्तिध्वजले आफ्ना एक प्रतिनिधि खोन्फु लोचवालाई नेपाल पठाई ती विद्वान्हरूलाई लिन पठाए ।

स्मरणीय छ, खोन्फु लोचवा ती व्यक्ति थिए जसले वाराणसीका अन्तिम बौद्ध महारानी कुमारदेवी एवं राजा गोविन्द्रचन्द (शासनकाल, सन् ११४४-५५) का नाति उपर्युक्त राजा जयचन्दका दीक्षागुरु भदन्त जगन्मित्रानन्दलाई तिब्बतमा धर्मप्रचारार्थ सँगै लगेका थिए ।

यसप्रकार १२ औं शदीको अन्तिम दशकमा तिब्बतमा भारतीय बौद्धसंस्कृतिको अभ्युदयमा विशिष्ट स्थान रहेका खोन्फु लोचवाले पुन: सन् १२०३ मा विक्रमशिलाका अन्तिम आचार्य शाक्यश्री भद्र, जगत्तलाका प्रधानाचार्य विभूतिचन्द एवं अन्य ९ जना पण्डितहरूलाई साथ लिई त्यसताकाको एक प्रमुख तिब्बतमार्ग पूर्वीबंगालको भद्र (भद्रपुर-हाल आसाम-बर्मा सीमाको बदरपुर) हुँदै व्रङ र फारी हुँदै ग्याँचीमा पुगेका थिए ।

तिब्बतमा आचार्य शाक्यश्री भद्रको जहाँतहीं (हर स्थानमा) भव्य रुपमा स्वागत गरिएको थियो । उहाँलाई धर्मप्रचारार्थ अपार धनराशी पनि

दाताहरूबाट प्राप्त भएको थियो । आफूलाई प्राप्त भएको ती धनराशीबाट उहाँले आफू एवं आफ्नो समूहलाई तिब्बत पुऱ्याइएका दोभाषिया खोऱ्फु (लोचवा) ले बनाउन लगाइएको महामैत्रेयको प्रतिमा निर्माणमा पनि सहयोग गर्नुभएको थियो ।

तिब्बतमा पनि आचार्य शाक्यश्री भद्रले कयौं प्रतिस्थित शिष्यहरू तयार गरी पूरा एक दशकको अवधि बिताई उक्त खोऱ्फु लोचवाको महामैत्रेय प्रतिमाको प्रतिष्ठापन कार्य पनि पूर्ण गरी सन् १२१४ मा तिब्बतको विभिन्न क्षेत्रहरूको यात्रा सम्पन्न गरी तिब्बतको दीक्षणी क्षेत्र लुस्तोद् (जोजिला घाटी) हुँदै आफ्नो जन्मभूमि काश्मीर पुग्नुभएको थियो ।

आचार्य शाक्यश्री भद्र स्वदेश फर्की धर्मप्रचारको कार्यमा अनेक तरहबाट प्रगति गर्दै लगे जसमा पुराना बिहारहरूको पुननिर्माण, सूत्र एवं तन्त्रहरूको अध्ययन परम्पराको स्थापना, भिक्षुहरूको संख्यामा बृद्धि आदि विस्तार गर्दै लगे ।

आचार्य शाक्यश्री भद्रले आफ्नो जन्मस्थान काश्मीर पुगी पूरा एक दशक पुनः धर्मप्रचारमा लागि (बिताई सकेपछि) सन् १२२५ मा ९८ वर्षको उमेरमा आफ्नो जीवन यात्रा समाप्त गर्नुभएको थियो । उहाँको दाहसंस्कारपछि उहाँको केही अस्थि तिब्बत पुऱ्याइएको थियो जुन खोऱ्फु लोचवाको महामैत्रयनाथको विहारमा हालसम्म पनि सुरक्षित गरिराखेको छ ।

आचार्य शाक्यश्री भद्रले तिब्बतको ग्याँचीस्थित पोइखङ्मा रहनुभएको स्मरणलाई, सो स्थानमा सन् १९३४ को सेप्तेम्बरको अन्तिममा पुग्नुभएका सुप्रसिद्ध तिब्बतविद् एवं यात्रु महापण्डित राहुल सांकृत्यायनले यसप्रकार उल्लेख गरिराख्नुभएको छ -

"पोइखङ् ग्याँचीसे प्राय: २३ मील है, जिसमे ढाई-तीन मील रास्ता छोडकर पहाडोंके भीतरसें जाना पडता है । यहाँ १०० के करीब भिक्षु रहते है । लामा ञोमजेसे मैं ल्हासामे मिल चुका था, उन्होने बडी खातिर की । पतालगा, कि बिक्रमशिलाके अन्तिम संघराज शाक्यश्री भद्र तिब्बतके जिन चार मठोंमे ज्यादातर रहे थे, उनमे से एक यह है, ... यहाँ शाक्यश्री भद्रके तीन चीवर (भिक्षुं वस्त्र), कपडेका जुत्ता, भिक्षापात्र और जलछक्का रक्खा हुआ है । उनकी एक छोटी मूर्ति भी है ।"

सन्दर्भ -

१) शाक्यश्री भद्रको जीवनी - राजेश्वर झा - १९७०

२) तिब्बत में बौद्ध धर्म - राहुल सांकृत्यायन किताब महल, इलाहावाद -१९७९ (द्वि.संस्करण)

३) मेरी जीवन यात्रा-२ - राहुल सांकृत्यायन किताब महल, इलाहावाद -१९५०

४) भारतमें बौद्ध धर्मका उत्कर्ष एवं ह्रास - डा. संघमित्रा चौधरी भारतीय बौद्ध महासभा दिल्ली -१९९९

५) भारतका इतिहास - को. अ. अन्तोनोवा, ग्रि.म. बोंगार्द-लेविन ग्रि.ग्रि. कोतोव्स्की प्रगति प्रकाशन, मास्को -१९८४

◆

तनावको जड र तनावमोचन

प्रा.डा. धनरत्न शाक्य एमडी
बरिष्ठ स्नायु, दुर्व्यसन तथा मनोरोग विशेषज्ञ, प्रोफेसर

मान्छेको जीवन र जगत तनावले भरिएको छ । तनावको मूल कारण भय हो । पछि, भोलि, भविष्यमा के होला ? मनमा एक प्रकारको भय पिरलो हाबी भएपछि तनावको बिउ रोपिन्छ । भोलि गएर आफू, प्रियजन र आफन्त अस्वस्थ, विकलांग होला, दूर्घटनामा परिएला, मरिएला वा काम, पढाइमा असफल भइएला आदि चिन्ता र अनिश्चयले मनमा गाँजेपछि भयको आधारभूमि तयार हुन्छ । यस्तोमा आफू कमजोर, बेसहारा, असमर्थ भैकन आइपरेका वा आइपर्ने भनी मनमा चिन्ता गाँजेका कुरा सामना गर्न नसकिने हिन भावना उब्जेपछि भय र तनाव अझ झाँगिन्छ, मजबुत हुन्छ । दैनिक जीवनका झमेला, जीवन र समाजमा आइपर्ने मानवीय र दैवी, प्राकृतिक घटना विशेष (जस्तै: युद्ध, हिंसा, बलात्कार, झडप, आतंक, बिभेद, अत्याचार, आन्दोलन, विपद्, महामारी, प्रकोप, भूकम्प, बाढीपहिरो, दुर्घटना आदि) परिस्थितिले पनि यदाकदा सामान्यभन्दा अधिक समायोजनको लागि प्रयास र साधनश्रोतको परिचालन माग्न सक्छन् । अझ त्योभन्दा ज्यादा र धेरै मानिसमा मनगढन्ते, बिना कारणका निराधार मनचिन्ते भय नै व्याप्त हुने गर्छ । भय, चिन्ता र तनाव यसरी विविध र अनेक स्वरुपमा भएपनि सार तत्व भनेको अनिश्चय, भय, हिन भावना नै हुन् । अक्सर मानिसहरु बिना आधार वा कारणका निराधार भयबाट नै पिडित रहने गर्छन् । केहि कुरा आइपरेपछि बिना सोच अटोमेटिकली वा स्व:स्फूर्त रुपमा भय वा अनिश्चयले मनमा ठाउँ लिएमा आवेग र तनावको अवस्था पैदा हुनजान्छ । त्यस्तो परिस्थिति कतिपय बेलामा प्रतिकूल पनि हुनसक्छ, नहुन पनि सक्छ । तटस्थ प्रकृतिको वा कहिलेकाहिँ त धेरैलाई सुखद् प्रतित हुने प्रकरण पनि कतिलाई तनावपूर्ण भैदिन्छ । पर्याप्त उज्यालो नभएको ठाउँमा, साँझ राति कति मानिसहरु सर्प, भूत भनेर डर मान्ने गर्छन् । धेरैलाई यस्तो बेला टर्च वा बत्ती बालेर हेर्ने कुरा नसुक्नसक्छ, आँट नआउनसक्छ । समाज, समुदायमा पनि डर, चिन्ता, भयको गूँड विद्यमान हुनसक्छ । दुध पोखियो, बिरालोले बाटो काट्यो, आँखा वा शरीरको कुनै भाग फुर्फुरायो आदिले यसो होला उसो होला भनेर अपशकुन मान्ने चलन हुन्छ । भविष्यलाई लिएर जोखना, ज्योतिषी, वा लख काटेर बिलखबन्दमा पर्नेहरु पनि कम हुँदैनन् ।

विपस्सनाचार्य श्री सत्यनारायण गोयन्काज्यु निराधार भयको उदाहरण सहित सम्झाउनुहुन्छ- एकपटक एक खरायोलाई आकाश खस्ला कि भन्ने

डर मनमा बसेछ । एकदिन दिउँसोको समयमा रुखमुनि बसेर आराम गर्दैथियो भुसुक्कै निदाएछ । अनायास ठूलो आवाज आएछ र निद्रा टुटेछ । मन डरले ढक्क फुलेको त्यो खरायोको आँखा नजिकै दबेको जमिनमा परेछ । त्यतिकै पनि त्रसित मन, त्यसमाथि जमिनै धस्सिएको देखेपछि त, हो न हो खरायोलाई आकाशै खसेछ भन्ने परेछ र त्यहाँबाट कुलेलम् ठोकेछ । बाटोमा जजसलाई भेट्यो सबलाई आकाश खसेको, जमिन भास्सिएको र आफूलाई डर लागेको कुरा बताउँदै हिँडेछ । एकदुई गर्दै जंगलैभरि यो हल्ला फैलिएछ, उसको पछि पछि हुलका हुल लाम दौडेर भागिरहेका रहेछन् । यो कुरा जंगल नरेश सिंहकहाँ पनि पुगेछ । खरायोसँग बुझेर सहि कुरा थाहा पाउन एक अनुसन्धान समिति नै बनाएछन् । आवाज आएको त्यो ठाउँमा पुगेर हेरेछन् । नजिकै एउटा बेलको रुख रहेछ पाकेको एउटा ठूलो बेल खसेर भुइँ धस्सिएको देखियो । केहि समयदेखि त्रासमा दौडिरहेका सबैको भय हरायो, खरायो पनि निर्भय भयो ।

भयले मनको सन्तुलन बिग्रन्छ । एउटा चिज अगाडि भए अर्कै चिज देख्न, बुन, अनुभूत गर्न पुगिन्छ । त्यसै अनुसार गलत प्रतिक्रिया र व्यवहार गरेपछि नतिजा के होला ? भयभित खरायोको जस्तै त होला । तनावको असर स्वरुप छट्पटी, बेचैनी, आवेग, निरासा, उदासी, रिस, निद्रालगागत भोक, प्यास हराउने, रक्तचाप बढ्ने जस्ता तत्कालिन असरहरु हुन्छन् । एकातिर तनाव अत्याधिक भएर तनावजन्य निर्दिष्त मानसिक रोगहरु मात्र होइनन्, लगभग सबैखालका मनोरोगहरु पनि बढेर जान्छन् । अर्कोतिर तनावको उपयुक्त व्यवस्थापन नभएर पनि तनावका खराब असरहरु आउने गर्छन् । तनावले विभिन्न मानसिक रोगहरु पैदा हुन, शुरु भएपछि निरन्तर रहन, केहि गरेर ठीक भएमा पनि फेरि बल्झिनमा सघाउने गर्छन् । एक हिसाबले, तनाबले नै मनको स्वास्थ्य, अवस्था र मानसिकरोगको नियतिको निक्यौंल भैरहेको हुन्छ ।

तनावबाट अहिले तत्कालिन मात्र होइनन्, दिर्घकालीन असरहरु पनि उब्जिन्छन् । लामो समय भय, डर, त्रास वा तनाव मनमा पाल्दा एकातिर शरीरमा असर पर्छ, मानसिक रोगहरु पनि उब्जिन सक्छ । अर्कोतिर मनको गहिराइमा गढेर व्यक्तिको स्वभावमा परिणत हुनजान्छ । बाहिरी असर र कुरा त प्रष्ट देखिन्छ तर भित्र मनमा गढेर रहने मनको भयको स्वभाव चिन्न, बुन र हटाउन भने अन्तरमुखी हुन जरुरी हुन्छ । यो काम सजिलो हुँदैन तर यस्तो प्रवृत्तिगत भय समन र मोचनको लागि यसको विकल्प पनि हुँदैन । मनोचिकित्सा लगायत यसमा वास्तवमा आद्यात्म र यथार्थ धर्मले नै सघाउने हो । यसले भयको ठाउँमा चिन्तन मनन र सकारात्मक सोचको माध्यमबाट आफूभित्र अन्तरनिहित क्षमता, ऊर्जा उजागर गर्ने, जागृति, बोध वा बुद्धत्व जगाउने शिक्षा दिन्छ ।

भय जुन कारण पैदा भएको हो, त्यो पत्ता लगाएर निदान गरेर समाधान गर्दा भय हट्छ । कतिपय व्यक्तिहरुमा छट्पटीको एन्जाइटी, उदासिनताको डिप्रेसन, शारिरीक रोग बिना शारिरीक लक्षणहरु, जस्तैः दुखाई, छाती भारी, मुटुको तेजगति, दिसापिसाब, मासिक धर्ममा गड्बडी, गम्भीर रोग वा असामान्य शारिरीक स्थितिको चिन्ता हावी हुने सोमाटोफोर्म जस्ता विविध

मनोरोगहरुका कारण अनावश्यक र अनियन्त्रित भय पैदा हुन्छ । रोग लागेको अवस्थामा रोगको निदान गरेर उपयुक्त उपचार गर्न आवश्यक हुन्छ । नशालु, मद्य वा लागूपदार्थको सेवन गरी स्वास्थ्य, जीवन र परिवार बिगारी तनाव हुनेहरुले पनि आवश्यक डिटक्सिफिकेसन, उपचार र पुनर्स्थापना अपनाउन आवश्यक हुन्छ । परीक्षामा सहि तरिकाले मेहनतपूर्वक अध्ययन गरेर सफलता पाउन सकिन्छ । भविष्यको बारेमा धेरै सोचेर चिन्ता लिएर भयभित हुने होइन, बरु चिन्तन, मननशील भएर अफ्नो कर्तव्य, दायित्व बहन गर्न आवश्यक हुन्छ । चिन्ता र चिन्तन नितान्त फरक कुरा हुन् । कुनै पनि कुरा मनको तराजुमा तौलेर हेर्ने मानवीय गुण वा क्षमता नै चिन्तन मनन हो । भय, तनाव र चिन्ता समन, मोक्ष वा मुक्तिको पहिलो खुड्किला नै वास्तबमा चिन्तन हुने गर्छ । के समस्या हो, के कारणले उत्पन्न भयो, उपायहरु केकस्ता छन्, हाम्रा लागि सर्वोत्तम कुन हुनसक्छ, कसरी अपनाउने हो, यसरी केलाउन थाल्दाथाल्दै अधिकांश भय तनाव कम हुन थाल्छ, समाधानको बाटो खुल्छ । सहि नियत र श्रद्धाले युक्त प्रार्थना अर्थात् प्रयास सिर्फ मानव मनले गर्नसक्छ । यस्तो सहि नियत र श्रद्धा भनेको चिन्तनमननले नै फल्नेफुल्ने हो । मान्छे र पशु चराचर जगत दुवैलाई बाँच्नको लागि खाना आहार चाहिन्छ बेलाबेला नियमित रुपमा आराम, बिश्राम र निद्रा चाहिन्छ दुवैलाई भय पनि हुन्छ । त्यत्तिले नपुगेर प्रकृतिले नै मैथुन कर्म पनि दिएको छ । यत्तिका बावजुद मान्छे सर्वश्रेष्ठ प्राणी पनि बन्न सक्छ । यसरी श्रेष्ठ बन्ने उपाय भने सिर्फ उचित अनुचित पर्गेल्न सक्ने चिन्तनमनन गर्ने उसको विवेक नै मात्र हो । होइन भने, मानिस पशु र चराचरभन्दा पनि अधम, स्वार्थी, पापी, निच र दुःखी प्राणीमा परिणत हुन्छ । तनावमा आफू पनि बाँचेर अरुलाई पनि टेन्सन दिने कि तनाव मोचन गरेर आफू सहित अरुलाई पनि सघाउने भन्ने निर्क्यौल गर्ने काम हामी मान्छेकै आफ्नै हातमा हुन्छ ।

◆

'बुद्ध छंगु किपा न्हयने जक ब्वया तल'

✍ रोशन बज्राचार्य

जन्म जुल बुद्ध नेपालय्
हेतु वसफोल खंका बिज्यात
दुःख विषमता व विनास नं ।
छायधासा न्हयाथाय् नं अनित्यगु
चर्तुय आर्यसत्य या कारण दुःख भीगु
फेने मफयेका च्वन सिल मथुइका
पञ्चशील व आर्यअष्टांग मार्गया अज्ञान ।
विश्व शान्तिया झण्डा गौतमं
ब्वयेका बिज्यात खः न्हयाथाय्‌नं
असमानता शोषण व विष्फोटनं
उकी ज्या खेले मदु पासा भीसंउनं ।
पुना छ्वयेमागु अन्धविश्वास व शोषण
न्ह्याके मागु खः मानव रथनं
सिकी भीसं निर्वाण जुल व बुद्ध
विश्व कल्याणया लँपुई वांलागु शील ।

◆

मनलाई बचाउँ जीवन सुरक्षित बनाउँ

✍ सुजन बज्राचार्य

मुटु बचाउँ स्वस्थ रहौं भन्ने त हामीले धेरै सुनेका होऔँला तर सुन्दा अचम्म लाग्छ "मनलाई बचाउँ जीवन सुरक्षित बनाउँ" भनेर भन्दा । यसको अर्थ अरु केही होइन मनलाई अकुशल चित्तहरूबाट छलाउँदै कुशल चित्तहरूलाई भित्र्याउँदै सुख र शान्तिको वातावरणमा जीवन यापन गर्नु भन्ने नै हो ।

मनमा विभिन्न किसिमका विचारहरू आइरहन्छ । तुलनात्मक रुपमा सकारात्मक भन्दा नकारात्मक विचारहरू नै बढी हुन्छन् र थिनै नकारात्मक सोच वा अकुशल चित्तको कारणले नै घर परिवार तथा समाजमा आपराधिक घटनाहरू घटिद् हुन्छन्: हत्या, हिंसा, चोरी, बलात्कार जस्ता क्रुर एवं अमानवीय क्रियाकलापहरूले शान्तमय मानवजीवनमा अशान्तिको हुरी भित्र्याउँछन् । यस्ता आपराधिक गतिविधिहरू नियन्त्रण गर्न सरकारले विभिन्न किसिमका कठोर कानूनहरूको तर्जुमा गरेको छ तर अपराध रोकेको छैन, अपराधिहरू घटेंका छैनन् । आखिर किन ? किन मानिसहरू यस्ता अपराधबाट पीडित हुन बाध्य हुन्छन् ?

अपराध आजको मात्र समस्या होइन । आज भन्दा लगभग २५०० वर्ष पूर्वको समाजमा पनि अपराधिक क्रियाकलाप प्रशस्तै थिए, धार्मिक सामाजिक जीवनमा निकै अस्तव्यस्तता थियो । जातपातको भेदभावले उच्च स्थान ओगटेको थियो । आर्थिक शोषणले समाज क्लान्त थियो । धर्मको नाममा पशु बलि र अझ मानव बलिको पनि प्रचलन थियो । यथार्थ मानव धर्म के हो ? भन्ने कुराको ज्ञान बोध थिएन । यस्तो वातावरणमा जन्मिएर हुर्कदैं गरेका राजकुमार सिद्धार्थको मनमा हुरीबतास नै चलिरहेको थियो वा आजकल धेरै चलनचल्तीमा आउने शब्द प्रयोग गर्दा आन्दोलन चर्केको थियो, बृहत् मानसिक आन्दोलन । सामाजिक विकृतिलाई हटाई मानव समाजमा सुधार ल्याउन सक्ने वैज्ञानिक र सहि धर्मको खोजीको निम्ति अन्तरमनमा ठूलो हल चल भइरहेको थियो ।

ठीक यही समय उहाँको आँखा सामु बृद्ध, रोगी, मृत शव र प्रव्रजित भिक्षु गरी चार दृष्य पर्न आउँदा २९ वर्षको यौवनलाई ख्याल नगरी सारा दरवार त्याग गरी ज्ञानको खोजीमा भौतारिए । जङ्गलमा छ वर्षको घोर तपस्या पछिपनि सहि ज्ञानको अभाव भएपछि फेरी मध्यम मार्गमा आई

विपश्यनाको प्रयोगद्वारा वैशाख पूर्णिमाको दिन सिद्धार्थबाट बुद्ध बने ।

सिद्धार्थले प्राप्त गर्नुभएको ज्ञानको अनुसार सबै दु:ख समस्याको जड नै अज्ञानता हो जसको आडमा मनमा काम, क्रोध, लोभ, अहंकार जस्ता क्लेशहरू उत्पन्न हुन्छन् । यिनै क्लेशहरूलाई जन्म-जन्म देखि मनमा पालेको कारणले गर्दा नै आज सम्म पनि हामी दु:ख बाट मुक्त हुन सकेका छैनौं । यिनै क्लेशको वशमा परेकै कारण विवेकशील मानिसहरू पनि चौपायाभन्दा निम्नस्तरको अपराधि बन्छन् । मनमा अकुशल चित्त उत्पन्न हुनु स्वभाविक र प्रकृतिको नियम भएतापनि ध्यान भावनाको माध्यमबाट यिनीहरूलाई हटाउन सकिन्छ भन्ने नै बुद्ध शिक्षाको सार थियो । उहाँले जे बोल्नु भयो, त्यो भन्दा पहिले आफै अनुभव गर्नुभयो र गरेर पनि देखाउनु भयो । यसरी चित्त शुद्धिकरणको माध्यमबाट उहाँले अंगुलीमाल जस्ता हिंश्रक डाँकालाई नियन्त्रण गर्नुभयो र नालागिरी जस्ता जंगली हात्तीलाई दमन गर्नुभयो । उहाँले आफूलाई मार्न थुप्रै प्रयन्त गर्ने देवदत्त जस्ता भिक्षुप्रति पनि सदैव मैत्री नै राख्नु भयो ।

चित्त शुद्धिकरण र मानसिक शान्तिलाई प्रश्रय दिने बुद्ध शिक्षालाई प्रज्वलित पार्न सके आजको समाजमा सुरक्षाको प्रत्याभूति दिन सहज हुने थियो । तर दुर्भाग्यवश बुद्धजन्मभूमि नेपालमा अपराध न्यूनिकरणका लागि बुद्ध शिक्षाको प्रयोग भएको पाएका छैनौं । यस तर्फ बौद्ध संघ संस्थाहरूले ध्यान दिन सके समाजलाई प्रत्यक्ष हित हुन सक्ने, सबैले प्रत्यक्ष रुपमा देख्न र अनुभव गर्न सक्ने दृष्ट धर्म फल प्राप्त भई धर्म प्रचारमा पनि ठूलो सहायता मिल्ने थियो ।

भवतु सब्ब मंगलं । ◆

हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. कृष्णगोविन्द खाइजू मो.नं. ९८५१०७६३१८

सोन्हखुट्टे काष्ठ उद्योग

कालाँचा-२, सिपाडोल, भक्तपुर, फोन नं. ६६१३५४०

यहाँ विभिन्न साइज र हरेक जातका काठ सुपथ मुल्यमा थोक तथा खुद्रा बिक्री गरिन्छ । साथै अर्डर बमोजिम चौकोस, खापा तथा अन्य फर्निचरका सामानहरु पनि बनाइन्छ ।

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री गणेश माध्यमिक विद्यालय

भार्वाचो-१, भक्तपुर, फोन नं. ६६१५९१२

मो.नं. ९८४१९८७६७४

बुद्धसँग यौनका कुराहरू

✍ बसन्त महर्जन

गौतम बुद्धको जन्म ईसापूर्व ५६३ मा कपिलवस्तु नामको एउटा सानो शाक्य गणराज्यको पूर्वस्थित लुम्बिनी बगैंचामा भएको थियो । त्यति बेलाको समाज वा सामाजिक मूल्यमान्यताहरू धर्मराउँदो अवस्थामा थियो । बुद्धभन्दा निकै अघि वेदमा आधारित वैदिक परम्पराले जड गाडेको थाहा पाइन्छ तर अचेलका पण्डितले भन्ने गरेजस्तो भूगोलको सबै क्षेत्रमा यसको प्रभाव समान थिएन ।

वैदिक धर्मदर्शनमा आधारित ब्राहमण परम्परा एकातिर थियो भने श्रमण परम्पराको आफ्नै मूल्यमान्यता थियो । दुई परम्पराबीच मिल्ती थिएन । बुद्ध जन्मिनुअघि नै वैदिक सभ्यता ओरालो लागिसकेको थियो । उनीहरूको द्वन्द्व श्रमण परम्परासँग मात्र नभएर स्वयम् वैदिक समाजभित्रै पनि थियो । यज्ञलगायतका कर्मकाण्डमा आएको भड्किलोपना तथा विकृतिले आजित वैदिकहरूले आन्तरिक विद्रोह वा असन्तुष्टि पोख्न थालिसकेका थिए । वैष्णव परम्परा यसैको एउटा राम्रो उदाहरण हुनसक्छ । उपनिषदहरूको रचना पनि त्यसैको परिणाम हो ।

यस अवस्थामा पूर्णकाश्यप, अजित केशकम्बल, प्रकुधकात्यायन, मोखल गोशाल, संजय बेलट्ठिपुत्त र निगण्ठ नाथपुत्त (महावीर वर्धमान) लगायतको नेतृत्वमा श्रमण परम्पराअन्तर्गत एक खालको आन्दोलन भइरहेको थियो र उक्त आन्दोलनले वैदिक मूल्यमान्यतालाई निकै मात्रामा आघात पारिरहेको थियो । यस्तो पृष्ठभूमिमा श्रमणपरम्परा अन्तर्गत नै गौतम बुद्धको प्रवेश भएको थियो ।

समाजमा ब्राह्मण र श्रमण दुई चिन्तनको विपरीत चार्वाक नामका लोकायत (भौतिकवादी) हरूको प्रभाव पनि कम थिएन । यस्तो अवस्थामा गौतम बुद्धले बुद्धत्व प्राप्त गरी इ.पू. ५२३० बौद्ध धर्मको दुन्दुभी जोडदार रूपमा बजाउन थालेका थिए । बुद्धको काम गराइ सजिलो थिएन । श्रमण परम्पराबाट भएका कारण सर्वप्रथम उनको द्वन्द्व ब्राह्मण परम्परासँ ग हुनु स्वाभाविक हो । साथसाथै श्रमण परम्पराका मनीषीहरूसँग पनि ठूलै द्वन्द्व गर्नु परेको थियो । बुद्ध चार्वाकजस्ता लोकायतलाई ठाडै 'मिथ्यादृष्टि' भनी आलोचना गर्दथे । वर्ण र जातिको अवधारणाले समाजमा भेदभाव सिर्जना भइसकेको थियो । मान्छेमान्छे बीचको यो असमानतालाई बुद्धले कहिल्यै स्वीकार गरेनन् ।

बरु, भेदभावको यो पर्खाल ढाल्नतिर लागे । महिला र पुरुषबीच प्राकृतिक रूपमा थोरै कुरामा मात्रै फरक रहेको र हरेक कुरामा समानता भएकाले समाजमा दुवैको समान अधिकार रहेको अवधारणा बौद्ध धर्म दर्शनबाट बुझ्न सकिन्छ । बुद्धको यस अवधारणाबाट वैदिक परम्पराको मूल्यमान्यतालाई त चुनौती दियो नै साथसाथै जैनसँग पनि मत बाझियो । यौन विकृति तथा बलात्कारजन्य घटना

तत्कालीन समाजमा हुँदै नभएको होइन । यसलाई बुद्ध अथवा बुद्धबाट प्रभावित समाजले कसरी बुझ्ने र बुझाउने गरेको छ भन्ने चर्चाले आजभोलिका घटनाहरूलाई बुझ्न सघाउँछ । बुद्धको जवाफ बडो सटिक छ, 'कुनै महिलालाई हेर्नु नै परे होस सम्हालेर हेर्नुपर्छ । जे जति नराम्रा काम कुरा हुन्छन्, बेहोसीमै हुने गरेका छन् ।'

गौतम बुद्धमाथि यौन आक्षेप

गौतम बुद्धमाथि यौन अपराधको आरोप लागेको पाइन्छ । समाजमा बुद्धको आदर, सम्मान र लाभ सत्कार बढ्दै गएबाट आफूहरूलाई हानी भएको बुझाइ केही तीर्थकरहरूको थियो । बुद्धको बदनाम गर्न पाए आफूहरूको राम्रो हुने बुझाइले उनीहरू बुद्धको बदनाम गर्ने षड्यन्त्रको तानाबाना बुन्न लागे । यसका लागि चिन्चा नामकी एक महिलालाई प्रयोग गरेको पाइन्छ ।

षड्यन्त्रअनुसार बुद्ध बस्ने विहारमा ती युवतीलाई पठाउन त पठाउने तर समाजलाई दिग्भ्रमित गर्ने हिसाबले मात्रै । उपासक उपासिकाहरू विहारबाट फर्कने बेलामा ती युवतीलाई विहारतर्फ हिँडाउने र बिहान उपासक उपासिका विहारतर्फ जाने बेला बाटोमा विहारबाट फर्किरहेको देखाउने । युवतीको यो गतिविधि सबैले देखेकै थिए । एक दिन बुद्ध विहारमा प्रवचन दिइरहेका बेला ती युवती देखा परिन् र आफू सबैका सामु बुद्धबाट गर्भवती भएको सुनाइन् । युवतीको माग अब आफ्नो भरणपोषणको व्यवस्था हुनुपर्ने थियो । कुरा भरणपोषणको मात्र थिएन । बुद्धमाथि नै गम्भीर प्रश्न उठेको थियो । छानबिन हुने भयो ।

वास्तवमा ती गर्भवती भएकी थिइनन्, नक्कल मात्रै गरेकी थिइन्, तत्क्षण नै सबै कुरा खुलस्त भएको थियो । तीर्थकरहरूले पुनः सुन्दरी नामकी महिलालाई अघि राखेर अर्को तानाबाना बुन्न सुरु गरे । सुन्दरीलाई पनि चिन्चालाई जस्तै विहार पठाइयो । यस पटक स्वयम् सुन्दरीबाटै हल्ला फैलाउन लगाइयो- विहारमा जान थालेको, बुद्धसँग विशेष सम्बन्ध रहेको आदिआदि । समय बित्दै गएपछि उनले गर्भ बोकेको प्रष्ट बाहिरबाट देखियो र समाज पनि सशंकित भयो । यस्तैमा सुन्दरी एकाएक हराइन् । यस घटनाले समाजमा हलचल भयो । वास्तवमा गर्भ बोकेकी सुन्दरीलाई तिनै तीर्थकरहरूले मार्न लगाई विहार नजिकै गाड्न लगाइएको थियो ।

बौद्ध सङ्घको बदनाम हुने डरले सुन्दरीलाई मारेर गाडेको भनी हल्ला गर्दै बुद्धको निन्दा गर्न थाल्यो । तर एक दिन सुन्दरीको हत्या गर्ने गुण्डाहरूको कुरा गुप्तचरको कानमा पुग्यो र सबै छताछुल्ल भयो ।

बौद्ध सङ्घमा यौनका कुरा

बेघरवार भई प्रब्रज्या लिई बौद्ध भिक्षु हुनुको

अर्थ उसमा बुद्ध गुण नै हुने होइन । तर यो पक्का हो, कुनै पनि बौद्ध भिक्षुले बुद्ध गुणलाई सधैं सम्झनु पर्छ । त्यसको अनुकरण गर्न शील सदाचारमा निरन्तर लागिरहनु पर्दछ । यो व्यक्तिगत क्षमतामा भर पर्ने कुरा हो । सम्पूर्ण क्लेश नष्ट नभएसम्म अर्हत् (श्रावक बुद्ध) भएको मानिन्न । गृहस्थीमा छँदा सिद्धार्थ गौतमका साथी छन्दक पछि बुद्धकहाँ प्रव्रजित भई बौद्ध भिक्षु त बनेका थिए तर मार्गफलमा प्रवेश गरिसकेका थिएनन् । तसर्थ, उनमा अनेकौं कमजोरी वा विकृतिहरू हुनु स्वाभाविक थियो । विहारमै बस्ने अत्यन्तै सुन्दरी भिक्षुणी भने अर्हत् भइसकेकी थिइन् । भिक्षुणीको तीघ्रा हेर्ने उत्कर्ष रहरलाई ती भिक्षुले दबाउन सकेनन् ।

एक दिन उपयुक्त मौका पारी यो रहर ती भिक्षुणीसमक्ष व्यक्त गरे । सामान्य भाषामा भन्नु पर्दा यो एक प्रकारको यौनहिंसा हो । तर अर्हत् भइसकेका कारण भिक्षुणीमा कुनै प्रकारको यौन भावना थिएन । भिक्षुको याचनामा भिक्षुणी हकिच्नुको कारण गलत नियतले तीघ्रा हेर्न चाहेको र त्यो चाहना पूरा गरुन्जेल भिक्षुको मनमा अझ नराम्रो भाव आउँला, तृष्णा बढ्ला र त्यसको नतिजा नराम्रो नै होला भन्ने हो ।

बौद्ध अवधारणाअनुसार कुनै पनि राम्रो र नराम्रो कर्मको फल यही जन्ममा र अर्को जन्ममा भए पनि भोग्नै पर्छ । यही अनुसार अन्य जन्महरूको गति निर्धारण हुन्छ । यही भएर भिक्षुणी सचेत भएकी हुन् । यसलाई अरूप्रतिको अगाध करुणा पनि भन्न सकिन्छ । तर भिक्षुको याचना टार्न नसकेर भिक्षुणीले तीघ्रा देखाइन । यो कुरा थाहा पाएर ती भिक्षु सबैबाट निन्दित मात्र भएनन्, दण्डित पनि भए ।

एउटी अर्को भिक्षुणी थिइन्, अत्यन्तै राम्री, उनको आँखाबाट सर्वसाधारण आकर्षित थिए । अथवा भनौं, त्यो आँखाले त्यसैत्यसै लट्ठ पारिदिन्थ्यो । विषय वासनाबाट टाढिएर धर्म अभ्यास गर्न आएकी भिक्षुणीलाई यस्ता आँखाको कुनै अर्थ थिएन । भिक्षाटन गर्न जाँदा र भिक्षाटनबाट फर्कदा छिल्लिएका मान्छे उनको पछि मात्रै लाग्दैनथे, यौनजनित प्रस्ताव राख्न पनि भ्याउँथे । यस्ता कुराले आजित हुनु स्वाभाविक हो । साथै धर्म अभ्यास गर्न सुन्दर आँखाको जरुरत छैन पनि । यही भएर ती भिक्षुणीले आफ्ना सुन्दर आँखा झिकिन् र अन्धी भइन् । त्यसपछि मान्छे उनको पछि लाग्न छाडे ।

उत्पलवर्णा नामकी भिक्षुणी पनि अन्यन्तै सुन्दरी थिइन् । सुन्दरी भएकै कारण गृहस्थीमा विवाहका लागि माग्न आउनेहरूको ताँती थियो । छोरीको विवाह कसैसँग गरुन्जेल अरुको कोपभाजन हुनुपर्ने स्थितिले बाबु असमन्जसमा परेका थिए । त्यही बेला उनले विवाहको झन्झटबाट मुक्त हुन भिक्षुणी बन्ने निर्णय गरेकी थिइन् । उनीप्रति आशक्त पुरुषमा उनको मामाका छोरा नन्द पनि थिए ।

बौद्ध धर्ममा ध्यान अभ्यासलाई ठूलो महत्त्व दिइन्छ । विहारभित्रै ध्यान गर्न सकिने भए पनि अझ एकान्तका लागि जङ्गलमा जाने गरिन्छ । यस्तै ध्यानका लागि भिक्षुणी उत्पलवर्णा एकान्त जङ्गलको सानो कुटीमा जान्थिन् । यो कुरा मामाको छोरालाई थाहा भयो र एक दिन कुटीभित्र लुकेर बसे । त्यस दिन ध्यान गर्न आएकी उत्पलवर्णालाई जबर्जस्ती करणी गरे पनि । बौद्ध ग्रन्थमा उल्लेख भएअनुसार बलात्कारको कुकर्म गरेर निस्केको पुरुषको पाप यति धेरै बढेको थियो कि, यो पापको

रापले जलेर उतिखेरै मृत्यु हुनपुग्यो । नन्दले जबर्जस्ती करणी गर्दै गरेको वा गरिसकेपछि उत्पलवर्णालाई कस्तो लाग्यो होला ? कसैका लागि यो सोधाइ अमर्यादित, अश्लील र आपत्तीजनक भए पनि यहाँ तात्विक अर्थमा महत्त्वपूर्ण छ । यो प्रश्न स्वयम् बुद्धबाट सोधनी भएको थियो ।

उत्पलवर्णाकै शब्दमा 'न सुख, न दुःख' को अनुभव भयो । उनी अर्हत् भइसकेका कारण काम राग आदि क्लेशहरूको भाव स्वतः निभिसकेको बत्तीजस्तै भइसकेको थियो । यो घटनापछि बुद्धको अनुरोधमा भिक्षुहरूको सुरक्षामा राज्यले विशेष ध्यान दिन थाल्यो ।

बुद्धले धर्म प्रचार गर्न थालेको सुरुका दिनमा होला, एक भिक्षु भिक्षाटनका क्रममा आफ्नै घरमा पुगे । उनी विवाह गरेर कुनै सन्तान पाउनुअघि नै भिक्षु बन्न आएका रहेछन् । आमाबाबुले छोरालाई पुनः गृहस्थ बन्न लाख अनुरोध गरे । तर मानेनन् । अन्तिममा बुहारीको कोख भरिदिन आग्रह गरे । त्यतिन्जेल भिक्षु वा भिक्षुणीले यौन सम्बन्ध राख्न हुन्छ वा हुन्न भन्ने नियम स्पष्ट भइसकेको थिएन । काम विषयमा मिथ्याचार गर्न नहुने पञ्चशीलले यसलाई सम्बोधन गरेको छैन किनभने यही शील पालना गर्ने गृहस्थले आफ्नी श्रीमती वा श्रीमान्बाहेक अरूसँग सम्बन्ध बनाउँदै नहिँड्नु भन्ने स्पष्ट छ । ती भिक्षुले आमाबाबुको इच्छाबमोजिम बुहारीको कोख भरिदिए ।

यो कुराको चर्चा समाजमा भयो र स्वयम् बुद्धले सोधनी गर्दा सबै वृत्तान्त बताए । र, यस सम्बन्धमा के गर्नुहुन्छ वा के गर्नु हुँदैन भन्ने कुरा स्पष्ट भइनसकेका कारण यस्तो हुन पुगको कुरा स्वीकार गरे । त्यही बेला बुद्धले भिक्षुभिक्षुणीलाई यौन जीवन त्याज्य रहेको स्पष्ट पारे । गृहस्थ जीवन छाडी प्रव्रजित भई विहारमा भिक्षुभिक्षुणी हुन धर्म अभ्यासमा यौन जीवन बाधक हुने भएकाले यसलाई पूर्णतः त्याग्नु पर्ने विनय बनेको बुझ्न सकिन्छ । आफ्नो र पारिवारिक जीवनलाई ध्यानमा राख्न गृहस्थले व्यभिचार नगर्ने शील पालना गर्नुपर्छ ।

के स्पष्ट भयो भने, जसले अर्हत् पद प्राप्त गर्न सफल भयो उसका लागि यौनको केही अर्थ रहेनछ । यस अवस्थासम्म पुग्ने धार पक्रिसकेकाहरू सत्मार्गमा लागेका त हुन तर विचलित हुने सम्भावना केही मात्रामा हुँदो रहेछ । मार्गफलमा प्रतिष्ठित भइनसकेकाहरू यौनका मामिलामा विचलित हुने सम्भावना प्रबल हुन्छ । वैशालीकी गणिका आम्रपाली बुद्धको दर्शन गर्न आउँदा बुद्ध साधारण भिक्षुहरूलाई आँखा चिम्लन लगाउँथे रे, मन विचलित होला भनेर । तर अर्हत् भिक्षुका सम्बन्धमा यो कुरा लागू हुँदैन ।

बुद्धको जवाफ बडो सटिक छ, कुनै महिलालाई हेर्नु नै परे होस सम्हालेर हेर्नुपर्छ । जे जति नराम्रा काम कुरा हुन्छन्, बेहोसीमै हुने हो । यही भएर सदैव सचेत रहन होसपूर्वक जीवन जिउनमा बुद्ध जोड दिन्थे । मान्छे धेरै प्रकारले बेहोस हुने र बेहोसमा गरिने कामहरूले नकारात्मक नतिजा दिन्छ । जाँडरक्सी मात्र नभई अन्य मादक पदार्थ सेवनले मान्छेलाई लठ्याउने र नकारात्मक काम गर्न पनि हौस्याउने हुँदा यी कुराबाट पर बस्न भनिएको हो । पञ्चशीलमा यो पनि समावेश गरिएको छ ।

◆

हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको
२५६४ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण
दिन बैशाख पूर्णिमा '**स्वाँया पुन्ही**'
को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

वाइजल्याण्ड इङ्गलिस स्कुल

जगाती - ७, भक्तपुर

हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको
२५६४ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण
दिन बैशाख पूर्णिमा '**स्वाँया पुन्ही**'
को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

आदर्श आजाद मा.वि./कलेज

भीमसेनस्थान, भक्तपुर, फोन नं. ६६१०५८०

हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६४ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा **'स्वाँया पुन्ही'** को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ख्यासी, भक्तपुर

हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६४ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा **'स्वाँ या पुन्ही'** को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वागीश्वरी माध्यमिक विद्यालय/कलेज
च्याम्हासिंह, भक्तपुर, फोन नं. ६६१०२७०, ६६१४३९१, ६६१३०४१